
# लेखापरीक्षण प्रतिवेदन

# माहाकाली नगरपालिका, दार्चुला

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## माहाकाली नगरपालिका, दार्चुला

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/659

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
महाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दार्चुला।

## कैफियतसहितको राय

हामीले महाकाली नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचितकोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचितको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु.७ करोड ९० लाख ४६ हजार, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको रू.२ लाख ५३ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.३३ लाख ९५ हजार समेत गरी रु.८ करोड २६ लाख ९४ हजार समावेश गरेको छैन।

२. पालिकाको रू.१ अर्ब ८ करोड १८ लाख ७५ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ६८ लाख ७२ हजार ( १.५६ प्रतिशत ) बेरुजू देखिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रु.३७ लाख ७८ हजार बेरुजु प्रतिक्रियाबाट फछ्यौंट भई रू.७ लाख १ हजार थप समेत रू.१ करोड ३७ लाख ९५ हजार बाँकी रहेको छ ।उक्त बाँकी वेरुजु मध्ये असुल गर्नुपर्ने रू.५ लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२५ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६ लाख ७५ हजार रहेको छ। गत वर्षसम्म रु.१९ करोड ४५ लाख ४१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. १७ करोड ७४ लाख ३५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामावित्तीय विवरण तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षण प्रतिवेदनमा स्रोत साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास- निर्माण र सेवा प्रवाहमा असर परेको, विभिन्न शीर्षकमा प्रदान गरिएको अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरकार्यपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोबारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

## चालु वर्षको बेरुजु

## बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १२५ | ५७ | १,६८,७२,६०२ | ० | १९ | ३७,७८,११४ | ७,०१,२५६ | १२५ | ३८ | १,३७,९५,७४४ | ५,६६,१७६ | १,०६,७५,४९० | २५,५४,०७८ | ० | ० | १,३२,२९,५६८ | ० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योँट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डडेल्धुरा | १९,४५,४१,००० | ० | ३,१७,००,२०० | १६,२८,४०,८०० | ७९९१०० | १,३७,९५,७४४ | १७,७४,३५,६४४ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/ ७८ | २ | बैक हिसाब मिलान नगरेको | ४४,८२,२६६ |
| २ | २०७७/७८ | ५८ | बढी भुक्तानी | २५,१२८ |
| ३ | २०७७/७८ | ७६.२ | पी सी आर ल्याब निर्माण | ३३,५३१ |
| ४ | २०७७/७८ | १०४ | पेश्की बाकी | १९,८६,३६५ |
| ५ | २०७८/७९ | १२ | पेश्की बाँकी | २२,८९,००० |
| ६ | २०७८/७९ | ५६ | असुल गर्नुपर्ने | २२,६०० |
| ७ | २०७८/७९ | ५७ | भवन निर्माण | ५७,६४६ |
| ८ | २०७८/७९ | ६० | ओभरहेड खर्च | ८७,५८६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७८/७९ | ८२ | स्टीलमा बढी भुक्तानी | २,०१,४२३ |
| १० | २०७९/८० | २०.१ | पेश्की बाँकी | ४,७०,७५० |
| ११ | २०७९/८० | ४५ | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | ५,२२,६५५ |
| १२ | २०७९/८० | ५३ | अनुगमन भत्ता | २१,२५० |
| १३ | २०७९/८० | ६४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | २,१५,००,००० |
| १४ | २०८०/८१ | ३३ | सम्झौतामा नभएको रकम भुक्तानी | १३,४३८ |
| १५ | २०८०/८१ | ३९ | जलयात्रा भ्रमण भत्ता | १५,५०० |
| १६ | २०८०/८१ | ४० | नन्फाइलर | १३,२५,८६२ |
| १७ | २०८०/८१ | ४१ | जिन्सी दाखिला | ६,७०,२६६ |
| १८ | २०८०/८१ | ४६.१ | पत्रपत्रिका छपाई र सुचना प्रकाशन | १,३९,१४७ |
| १९ | २०८०/८१ | ५० | आवासिय तालिमको भ्रमण भत्ता | ९,६७० |
| २० | २०८०/८१ | ५२ | नमिल्ने भ्रमण भत्ता भुक्तानी | ४२,३७५ |
| २१ | २०८०/८१ | ५४ | कोभिड-१९ बाट पुगेको क्षतिको परिपुरण (Real Plan) अभिमुखिकरण | ६,४०० |
| २२ | २०८०/८१ | ५६ | उद्घाटन समारोहमा उपस्थित भत्ता | ९,३५० |
| २३ | २०८०/८१ | ५८ | प्रशिक्षक भत्ता | ८,७५५ |
| २४ | २०८०/८१ | ६१ | बढी भुक्तानी | १२,५०० |
| २५ | २०८०/८१ | ६३.१ | दत्तु थाप्ला सडक मर्मत | ७,००,००० |
| २६ | २०८०/८१ | ७१ | बढी निकासा | ५०,७९३ |
| २७ | २०८०/८१ | ७४ | शिक्षण सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री अनुदान | ३९,३५० |
| २८ | २०८०/८१ | ७६ | स्वास्थ्य शिविर | ५,००,००० |
| २९ | २०८०/८१ | ९८ | सम्झौता भन्दा बढी कार्यको भुक्तानी | १३,२०८ |
| ३० | २०८०/८१ | १०३.३ | काँटे बाँज जाइझुल सडक | ६,५०० |
| ३१ | २०८०/८१ | १०४ | डाडया कटल थामु धौकोटी सडक | २०,००० |
| ३२ | २०८०/८१ | १२३.१ | मिनी हुपर डम्प टिपर तथा ट्र्याक्टर खरिद | १,९५,००० |
| जम्मा | | | | ३,५४,७८,३१६ |

# (८०७७३४०१३०० - माहाकाली नगरपालिका, दार्चुला )

# महाकाली नगरपालिका , दार्चुला

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, १३५.११ वर्ग किलोमिटर क्षेत्रफल र २४०८१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२५ देखि २०८१।५।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - आय - व्ययतर्फ गरी जम्मा रु.१ अर्ब ८ करोड १८ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४००००।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

## २ वित्तीय व्यवस्था

यस वर्ष पालिकाको सुत्र (SuTRA) को २७० बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन

(बजेट र गैरबजेट निकाय)

| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब. को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,७९,१२,३५८.६२ | ० | ७,७९,१२,३५८.६२ | ७,४४,९९,५२९.८० | ० | ७,४४,९९,५२९.८० |
| १३००० | अनुदान | | ४१,०९,१८,३५६.१३ | ० | ४१,०९,१८,३५६.१३ | ४५,९३,४९,३५४.३७ | ० | ४५,९३,४९,३५४.३७ |
| १४००० | अन्य राजस्व | | ५७,५०,७८६.६१ | ० | ५७,५०,७८६.६१ | ८८,८९,७६२.१० | ० | ८८,८९,७६२.१० |
| १५००० | विविध प्राप्ति | | ८४,०००.०० | ० | ८४,०००.०० | ० | ० | ० |
| ३३३४३ | विज्ञापन कर | | ८००. | ० | ८००. | ० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | | ४९,४६,६६,३०१.३६ | | ४९,४६,६६,३०१.३६ | ५४,२७,३८,६४६.२७ | | ५४,२७,३८,६४६.२७ |
| ३ | चालु | | ४२,८२,१९,४५२.१३ | ० | ४२,८२,१९,४५२.१३ | ४०,७९,१८,२११.९१ | ० | ४०,७९,१८,२११.९१ |
| २१००० | पारिश्रमिक / सुविधा | | २३,७४,५६,९९२.६३ | ० | २३,७४,५६,९९२.६३ | २६,१०,१३,१७३.९१ | ० | २६,१०,१३,१७३.९१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १७,७१,२८,२८२.५० | ० | १७,७१,२८,२८२.५० | १३,४१,६२,९४५.०० | ० | १३,४१,६२,९४५.०० |
| २४००० | ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | | ६,५१,१५३.०० | ० | ६,५१,१५३.०० | १,८०,८६७.०० | ० | १,८०,८६७.०० |
| २५००० | सहायता (Subsidy) | | ३५,०००.०० | ० | ३५,०००.०० | ९८,०९४.०० | ० | ९८,०९४.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० | सामाजिक सुरक्षा | | ८९,५१,३१४.०० | ० | ८९,५१,३१४.०० | ७९,८८,२९६.०० | ० | ७९,८८,२९६.०० |
| २८००० | अन्यखर्च | | ३९,९६,७१०.०० | ० | ३९,९६,७१०.०० | ४४,७४,८३६.०० | ० | ४४,७४,८३६.०० |
| ४ | पूंजीगत | | ८,५४,०१,९९९.०० | ० | ८,५४,०१,९९९.०० | १४,८७,९३,०६०.०० | ० | १४,८७,९३,०६०.०० |
| ३१११० | भवनतथा संरचना | | ७७,४२,१५३.०० | ० | ७७,४२,१५३.०० | ३,४२,०५,१२५.०० | ० | ३,४२,०५,१२५.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ८३,७२,३४९.०० | ० | ८३,७२,३४९.०० | ७८,३८,८६५.०० | ० | ७८,३८,८६५.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ० | ० | ० | ३,९९,०००.०० | ० | ३,९९,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ६,८५,५०,६२३.०० | ० | ६,८५,५०,६२३.०० | १०,४२,१८,०७०.०० | ० | १०,४२,१८,०७०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ७,३६,८७४.०० | ० | ७,३६,८७४.०० | २१,३२,०००.०० | ० | २१,३२,०००.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ५१,३६,२१,४५१.१३ | | ५१,३६,२१,४५१.१३ | ५५,६७,११,२७१.९१ | | ५५,६७,११,२७१.९१ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (१,८९,५५,१४९.७७) | | (१,८९,५५,१४९.७७) | (१,३९,७२,६२५.६४) | | (१,३९,७२,६२५.६४) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | | (७,९२,२५४.७०) | | (७,९२,२५४.७०) | (१३,७१,७३६.००) | | (१३,७१,७३६.००) |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | ३१२. | | ३१२. |
| ङ) | **यसआ.ब. को नगद** | | (१,९७,४७,४०४.४७) | | (१,९७,४७,४०४.४७) | (१,५३,४४,३६१.६४) | | (१,५३,४४,३६१.६४) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा बैंक मौज्दात (बचत / (कमी) ( ङ = ग-घ) | | | | | | | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,९०,३०,५२८.६० | | ३,९०,३०,५२८.६० | ५,४३,७४,८९०.२४ | | ५,४३,७४,८९०.२४ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+ च-छ) | | १,९२,८३,१२४.१३ | | १,९२,८३,१२४.१३ | ३,९०,३०,५२८.६० | | ३,९०,३०,५२८.६० |

स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाकत्र सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट IPFMS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेकोले देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

| विवरण | म.ले.प.फा.नं. २७० | एकीकृत आय व्यय विवरण | फरक |
|---|---|---|---|
| गत वर्षको अल्या | 39030528.6 | 39030528.6 | 0 |
| यस वर्षको आम्दानी | 494666301.4 | 610179283 | -115512981 |
| यस वर्षको खर्च रकम | 513621451.1 | 625494782 | -111873331 |
| बाँकी मौज्दात | 19283124.13 | 23714717.6 | -4431593.5 |

स्थानीय तहले प्रयोगमा ल्याएको लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७० ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नुपर्दछ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **बजेट तथा कार्यक्रम**

३.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका उपप्रमुखले मिति २०८०।३।१० गते रु ५७ करोड ६९ लाख १६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

३.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

३.४ **योजना छनोट र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०८०।८१ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागतप्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन् ।

(रकम रू. हजारमा)

| विवरण | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाख देखि ५ लाख सम्मका | रु ५ लाखदेखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| योजना संख्या | ८६ | ७० | ३० | १६ | २२ | २२४ |
| जम्मा रकम | ३९१५ | ८५१२ | ८५८७ | १००६८ | १०१३७७ | १२८५४८ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाख माथिका समेत जम्मा २२४ वटा योजना सञ्चालन गरेकोमा रू. ५ लाख भन्दा मुनिका मात्र १८६ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू सञ्चालन गर्दा कार्यालयको

जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

३.५ **कार्यक्रमहरू कार्यान्वयन नभएको** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ को लागि रू. ५७ करोड ६९ लाख १६ हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ६७४ बटा कार्यक्रम मध्ये यस वर्ष ७९ वटा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका प्रमुख कार्यक्रमहरू देहाय अनुसार छन् ।

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन |
|---|---|---|---|---|
| १ | कृषि पशु स्वरोजगार पर्यटन शिक्षा क्षेत्रको सम्भाव्यता अध्ययन प्रतिवेदन | २२४११ | नेपाल सरकार - समानीकरण अनुदान | ७०० |
| २ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | राजस्व बाँडफाँड - संघीय सरकार | ३०० |
| ३ | कार्यक्रम खर्च सार्वजनिक सुनवाई तथा सामाजिक परीक्षण समेत | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | ३०० |
| ४ | दत्तुबाजेमन्दिर देखि क्याम्पस जाने बाटो निर्माण | ३११५९ | नेपाल सरकार - समानीकरण अनुदान | ५०० |
| ५ | मोटरसाईकल खरिद | ३११२१ | नेपाल सरकार - समानीकरण अनुदान | ४२० |
| ६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ५०५ |
| ७ | पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूको आय आर्जन सुधार कार्यक्रम गर्नअनुदान | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | ६०० |
| ८ | CTEVTको मापदण्ड बमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | २२५२२ | नेपाल सरकार - शसर्त अनुदान चालु | २१०० |

३.६ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाले विभन्न बैठकबाट ४६ वटा कार्यक्रम हटाएर यस वर्ष ३ करोड ५६ लाख ७८ हजार रकमान्तर गरेको छ ।उक्त बजेटबाट ५५ वटा नयाँ कार्यक्रम थप गरेको छ । जुन स्वीकृत वार्षिक बजेटको ९.२७ प्रतिशत हुन आउँछ । शुरु बजेट विनियोजन भएका योजना कटौति गरी पटके निर्णयबाट नयाँ योजनाको लागि रकमान्तर गरी खर्च गर्ने परिपाटी बजेट सिद्धान्त विपरित देखिन्छ।

३.७ **गत आ.व.को भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ । उपनियम १५ अनुसार उल्लिखित खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएको अवस्थामा सम्बन्धित कार्यालयले सम्लग्न वील, भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकी विवरण तयार गरी

आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नु पर्ने छ । पालिकाले रू. २४२३०३०३।- गत वर्षको भुक्तानी दिएकोमा बजेटले बहुवर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक दायित्व सृजना हुने गरी खर्च नगर्ने व्यवस्था मिलाउनु पर्दछ ।

३.८ **मध्यमकालीन खर्च संरचना** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, खर्च छुटयाउन आवश्यकताको पुष्ट्याइँ, योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता, गत आर्थिक वर्षमा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गर्न बाँकी रहेको देखियो । ऐनमा व्यवस्था भएबमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ।

## ४ नीति तथा मार्गदर्शन

पालिकाको आ.व. २०८०।८१ को नीति तथा मार्गदर्शन २०८० असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः

· नगरपालिकाको नियमन क्षेत्रभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूको माध्यमबाट कृषि तथा पशुपंछी व्यवसाय सञ्चालन गर्ने कृषकहरूलाई प्राथमिकता दिई ऋणमा ब्याज अनुदान सम्बन्धी नीति अबलम्बन गर्ने,

· प्रशाशकीय भवन निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरी भवन निर्माण कार्य थालनी गर्ने,

· डुङरी मन्दिर क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्ने,

· लास्कुखोला, निजनखोला, धौलीगाडखोला लगायतका खोलाहरूमा बलियो तटवन्ध निर्माण गर्न पहल गर्ने,

· संस्थागत क्षमता अभिवृद्धि, कर्मचारी वृत्तिविकास, शासकीय प्रभावकारिता सुशासनको कसीम नगर, वडा कार्यालय र जनप्रतिनिधिहरू खरो उत्रने गरी सुशासन योजना कार्यान्वयनम ल्याउने,

· सेवाग्राही र कर्मचारी दुवैमा दायित्व बिनाको अधिकार र योग्यता बिनाको आकांक्षा पाल्ने मनोवृतिमा सुधार गर्न प्रोत्साहन गर्ने ।

नीति तथा कार्यक्रमको कार्यान्वयन हुनु पर्दछ ।

## ५ आन्तरिक नियन्त्रण प्रणाली

५.१ **आन्तरिक नियन्त्रण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा चालु खर्च खातामा रु. ९२३७८२।-, र पुँजीगत खर्च खातामा रु १६८७०१९।- समेत गरी रु. २६१०८०१।- मौज्दात रहेकोमा २०८१ सालअसार ३० गतेमा संचित कोषमा ट्रान्सफर गरेको ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुनसक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ८३ जनाको दरबन्दी रहेकोमा १४ जना पद रिक्त रहेको पाइयो । रिक्त मध्ये २ जनाको मात्र लोकसेवा आयोगमा माग पठाएको छ ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका

विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।

• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ **बेरुजु लगत** - बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये प्राधिकरणसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

५.३ **प्रगति प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

५.४ **म.ले.प. फारमहरूको प्रयोग** - साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख सवारी साधन तथा मेशिन प्रयोगको लगबुक रसिद नियन्त्रण खाता भ्रमण प्रतिवेदन कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरू आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

५.५ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

## ६ कोषहरु

६.१ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । साथै कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

६.२ **स्थानीय तह अन्तर्गतका कोषहरू** - आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६(१) ले कोषको अभिलेख अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गत रहेका मर्मत संभार कोष, गरिवी निवारण तथा सामाजिक परिचालन कोष, कर्मचारी कल्याण कोष, वातावरणीय व्यवस्थापन कोष लगायतका २ वटा

कोषहरूमा रू. ३४ लाख १२ हजार रकम मौज्दात रहेको विवरण पेश भएको छ ।यस्ता कोषहरूको विवरण अद्यावधिक गर्दै कोषको आय प्राप्तिको उपयोग गर्नुपर्दछ ।

## ७ अभिलेख व्यवस्थापन र प्रतिवेदन

७.१ **प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

७.२ **सार्वजनिक सम्पत्तिको रेखदेखः** सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

७.३ **सवारी साधन र मेशिनरीको मर्मत अभिलेखः** सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यवधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यवधिक गरी राखेको छैन । म .ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धति लागु गर्नु पर्दछ ।

७.४ **सम्पत्ति व्यवस्थापन र सुरक्षाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार पारी प्रतिवेदन गर्नुपर्दछ कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनुपर्दछ ।

## ८ स्थानीय तथ्यांक अभिलेख तथा स्रोत नक्सांकन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## ९ बार्षिक कार्यक्रम र प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन ।कार्यालयले प्रगति विवरण लेखापरीक्षणमा पेश नगरेकोले थप विश्लेषण गर्न सकिएन ।तोकिएको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश हुनु पर्दछ ।

## १० **खर्च विश्लेषण**

१०.१ त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. ८ करोड ५४ लाख २ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा १ करोड ३४ लाख २५ हजार अर्थात १५.७२ प्रतिशत दोस्रो त्रैमासिकमा २ करोड २५ लाख २७ हजार अर्थात २६.३८ प्रतिशत तेस्रो त्रैमासिकमा रु. २ करोड २४ लाख १० हजार अर्थात २६.२४ प्रतिशत र चौथो त्रैमासिकमा रु. २ करोड ७० लाख ४१ हजार अर्थात ३१.६६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. १ करोड ५९ लाख ६९ हजार अर्थात १८.७० प्रतिशत खर्च भएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

(रू. हजारमा)

| **क्र.स.** | **बजेट उपशीर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **असार महिना** |
| १ | पूँजिगत खर्चतर्फ | ८५४०२ | १३४२५ | २२५२७ | २२४१० | २७०४१ | १५९६९ |
| प्रतिशत | | | १५.७२ | २६.३८ | २६.२४ | ३१.६६ | १८.७० |

१०.२ खर्च बिश्लेषणः पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. ८६ लाख ७६ हजार, गत वर्षको मौज्दात रू. ३ करोड ९० लाख ३१ हजार राजस्व बाँडफाँट रू. ७ करोड ५० लाख ७३ हजार, अनुदानबाट रु. ४३ करोड ६६ लाख ८ हजार, अन्तर सरकारी अख्तियारीबाट रू. ८ करोड २१ लाख ५६ हजार, विविध आय रू. ७६ लाख ६५ हजार समेत रू. ६४ करोड ९२ लाख ९ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ४२ करोड ८२ लाख २० हजार र पूँजीगत तर्फ रु. ८ करोड ५४ लाख २ हजार समेत रु. ५१ करोड ३६ लाख २२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा १.६८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. ९१ लाख ५२ हजार खर्च भएको छ जुन आन्तरिक आयको १.०५ गुणा बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ८३.३७ प्रतिशत चालु र १६.६३ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१०.३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| 1 | आर्थिकविकास | ३७८०९७२२ | ३३०२८३७९ | ६.४३ |
| 2 | सामाजिकविकास | २६७४०५८९२ | २३७२६५६१६.५ | ४६.१९ |
| 3 | पूर्वाधारविकास | ५९६९४९६७ | ५०७३०२१४ | ९.८८ |
| 4 | सुशासन तथा अन्तरसम्बन्धितक्षेत्र | ११७७३००० | ९३३८८८८ | १.८२ |
| 5 | कार्यालय सञ्चालन तथा प्रशासनिक | २००८१३२८१ | १८३२५९१०३ | ३५.६८ |
| | **जम्मा** | **५७७४९६८६२** | **५१३६२२२००.५** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४६.१९ प्रतिशत र सबै भन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.८२ प्रतिशत बजेट विनियोजन गरेको छ ।

## ११ कानून निर्माण र सञ्चालन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, ५८ कार्यविधि, ५ वटा निर्देशिका, ४ वटा नर्म्स समेत ८२ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

## १२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १०, यो वर्ष थप भएको ७ वटा समेत १७ वटा मुद्दा रहेकोमा ४ वटा फर्स्यौंट भई १३ वटा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १३ वटा सहकारी संस्था मध्ये ७ वटा सहकारी संस्था समस्याग्रस्त रहेको विवरण पेश भएको छ। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

## १४ खरिद गुरुयोजना र ठेक्का अभिलेख

१४.१ बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ८ करोड ५४ लाख २ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम

बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१४.२ **ठेक्काको विवरण**– निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

**ठेक्का व्यवस्थापनः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट ११ वटा ठेक्का सम्झौता गरेकोमा दोस्रो त्रैमासिकमा २ वटा, तेस्रो त्रैमासिकमा ६ वटा, चौथो त्रैमासिकमा ३ वटा सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी चौथो त्रैमासिकमा समेत ठेक्का सम्झौता गरी प्रगति शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नुपर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनुपर्दछ ।

## १५ सेवा प्रवाह स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ११ वटा ऐन, ४ वटा नियमावली र ५८ वटा कार्यविधि स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ४०९ वटा, मृत्यु दर्ता १२८ वटा, बसाइँसराइ ७२ वटा, विवाह दर्ता १९२ वटा, सम्बन्ध विच्छेद दर्ता ५ वटा गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

## १६ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेको रकम संघीयको सरकारको रु. २७२४१९६४.८७ र प्रदेश सरकारको मिति रु. ५३८५६४।- समेत जम्मा रु २७७८०५२८.८७ फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २७६८८१००० | २५१०६९१८०.१ | २५८११८१९.८७ |
| | विषेश | ५६९३२९२ | ५०४८४५७ | ६४४८३५ |
| | समपुरक | ९७५८८४६ | ८९७३५३६ | ७८५३१० |
| | अन्य | | | ० |
| **प्रदेश सरकार** | शसर्त | ३२५०००० | ३२१३४८४ | ३६५१६ |
| | विषेश | ८०००००० | ७५३३८४७ | ४६६१५३ |
| | समपुरक | ४५०८७४७ | ४४७२८५२ | ३५८९५ |
| | अन्य | | | ० |
| **जम्मा** | | ३०८०९१८८५ | २८०३११३५६.१ | २७७८०५२८.८७ |

## १७ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले यस वर्ष १८ जनालाई रु. ४ लाख १६ हजार आर्थिक सहायता वितरण गरेका छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

१८ **नगर बस सञ्चालन**

पालिकाले नगर भित्रका नागरिकको यातायात सुविधाका लागि नगर बस सञ्चालन तथा व्यस्थापन कार्यविधि, २०७५ स्वीकृत गरी २०७६ देखि २ वटा नगर बस सेवा सञ्चालनमा ल्याएको छ ।उक्त २ बस मध्ये हाल वटा १ वटा बस मात्र सञ्चालनमा रहेको छ । चालु आ.व. मा नगर बसबाट रु.१६६२८६५।- आम्दानी भएको नगपालिकाले जनाएको छ । यस सम्बन्धी व्यहोरा निम्न छन् ।

**स्रेस्ता तथा अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले रसिदबाट प्राप्त आम्दानी सिधै वैङ्क दाखिला गरी बैंक स्टेटमेन्ट अनुसारको आम्दानी लेखापरीक्षणको क्रममा पेश गरेको छ । स्रेस्ता तथा अभिलेख तयार नगरेको, प्राप्त आम्दानी सबै दाखिला नगरी सिधै खर्च गरी पछि घटाउने गरेको, समयमै दाखिला नहुने गरेको अवस्था छ । तोकिएको स्रेस्ता तथा अभिलेख खाता तयार गरी आम्दानीलाई पारदर्शी र व्यवस्थित गर्नुपर्दछ ।

**आय-व्ययको तुलनात्मक स्थिति** -चालू आ.व को अन्त सम्ममा नगर बसको भाडा वापत् देहायअनुसार जम्मा आम्दानी रु.१६२२७२०।- प्राप्त भएको छ भने सञ्चालनका खर्च रु. १६६२८६५।- रहेको छ । जुन आम्दानीको तुलनामा ४०१४५।- बढी छ । तल उल्लेखित नखुलेको मर्मत खर्च, बीमा, व्याज, मूल्यह्रास समेत जोडेर व्यवसायिक रुपले अनुमान गर्ने हो भने अबको केही वर्षमा नगर बसले पालिकामा ठूलो आर्थिक दायित्व सिर्जना गर्ने सम्भावना देखिन्छ । अत: पालिकाले नगर बसको नियमित अनुगमन, नियन्त्रण तथा अभिलेख व्यवस्थापन गरी खर्च कटौति र आम्दानीमा वृद्धि गर्न ध्यान दिइनु पर्दछ ।

| महिना | आम्दानी | खर्च | | | जम्मा खर्च | नाफा/ घाटा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | इन्धन | मर्मत | चालक तथा सहचालक | | | |
| साउन | १४८६०५ | _ | 0 | _ | 0 | १४८६०५ | |
| भाद्र | १५८७२० | _ | 0 | _ | 0 | १५८७२० | |
| असोज | १२५४२५ | २३५२३६ | 0 | _ | २३५२३६ | -१०९८११ | |
| कार्तिक | ११६३०० | ३१९२१ | 0 | _ | ३१९२१ | ८४३७९ | |
| मंसिर | १३०६८५ | १७१७२६ | 0 | _ | १७१७२६ | -४१०४१ | |
| पुस | १०८५८५ | १४९१५४ | 0 | ५७६६८ (खाजा खर्च) | २०६८२२ | -९८२३७ | |
| माघ | ११४८५५ | १५७६८२ | 0 | _ | १५७६८२ | -४२८२७ | |
| फागुन | १०४०५५ | २७०३०४ | 0 | _ | २७०३०४ | -१६६२४९ | |
| चैत | १५७७९० | _ | 0 | _ | 0 | १५७७९० | |
| वैशाख | १५९२१५ | १४८९५३ | 0 | ५३६००(खाजा खर्च) | २०२५५३ | -४३३३८ | |
| जेठ | १५१८६० | १३९२८० | 0 | _ | १३९२८० | १२५८० | |
| असार | १४६६२५ | २४७३४१ | 0 | _ | २४७३४१ | -१००७१६ | रु.४४८६० असार महिनाको आम्दानी अर्को आ.व. मा जम्मा गरिएको। |
| जम्मा | १६२२७२० | १५५१५९७ | 0 | १११२६८ | १६६२८६५ | -४०१४५ | |

**टिकट छपाइको अवस्थाः** पालिकाले यस वर्ष नगर बस सञ्चालनको लागि २४ ठेली टिकट छपाई गरेको विवरण पेश गरेको छ । उक्त ठेली मध्ये यस वर्ष ७ ठेली खर्च भई १७ ठेली टिकट बाँकी रहेको देखिन्छ ।

| गत वर्षको मौज्दात | | यो वर्ष छापेको | | बाँकी ठेली | |
|---|---|---|---|---|---|
| ठेली संख्या | टिकट संख्या | ठेली संख्या | टिकट संख्या | ठेली संख्या | टिकट संख्या |
| - | - | २४ | २४*९००=२१६०० | १७ | १५३०० |

१९ **ल्याव सञ्चालन** (४४/२०८०-७-२२):

जि.एन.के. ट्रेडर्स प्रा.लि. बागबजारबाट खरिद रू. ३६१६००।– को गुणस्तर परीक्षण सम्बन्धी उपकरण खरिद गरेको छ । खरिद भएका उपकरण लेखापरीक्षणको अवधिसम्म पनि प्रयोग विहिन अवस्थामा रहेको पाइयो । यस्ता उपकरणको वारेन्टी पिरियड एक निश्चत अविधसम्म हुनेमा खरिद भएर पनि उपयोगमा ल्याउन नसकेको कारणले कार्यालयबाट प्रदान हुने क्युव परीक्षण सेवाबाट सुचारू हुन सकेको छैन ।खरिद भएका उपकरण यथाशीघ्र जडान गरी सेवा प्रवाह गरेको प्रमाण पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६१,६०० |

२० **पदाधिकारी भ्रमण**

सुदूरपश्चिम प्रदेश सरकारद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको सुविधा अन्तर्गत मासिकरुपमा यातायात सुविधाको व्यवस्था गरिएको छ साथै भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण गर्ने पदाधिकारीले भ्रमण खर्च कम खर्चिलो र मितव्ययी गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न भौचरहरूबाट पदाधिकारी तथा कर्मचारीहरूलाई गाडीभाडा वापत नियमावलीको मर्म विपरित भुक्तानी गरेको रकम अनियमित रु.

| गो.भौ.नं. मिति | विवरण | रकम |
|---|---|---|
| ७८६।२०८१।३।१३ | वडानं २ का वडाध्यक्ष लगायतका पदाधिकारी आफ्नो वडा भित्र अनुगमन गए वापतको गाडी भाडा रकम | ४५००० |
| ६१५।२०८१।१।२७ | नगरप्रमुख तथा पदाधिकारीहरू विभिन्न समयमा विभिन्न स्थानमा अनुगमन गएको भनी प्रयोजन नखुल्ने गरी सवारी साधन भाडावापत सवारी धनी रोहित विष्ठ लाई प्रतिदिन रू. ५००० का दरले २० दिनको भाडा रकम | १००००० |
| | जम्मा | १४५००० |

| | |
|---|---|
| अनियमित भएको | १,४५,००० |

२१ **प्रशासनिक संगठन र जनसक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले एक निजी फर्मलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई ११ औ नगरसभाबाट उक्त प्रतिवेदन पारित गरेको देखिन्छ । पारित प्रतिवेदन अनुसार प्रस्तावित दरबन्दी स्थायी तर्फ वडा तहसम्म विभिन्न पदमा ८३ र करार तर्फ विभिन्न पदमा ९८ गरी कुल १८१ रहेको देखिन्छ । स्वीकृत दरबन्दी मध्ये लेखापरीक्षण अवधि सम्म ५५ जना स्थायी र ५७ सेवा करार पदपूर्ती भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमूख प्रशासकीय अधिकृत, ईन्जिनियर, शाखा अधिकृत, लेखा अधिकृत, कृषि अधिकृत, कानून अधिकृत सहित पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

पालिकाले यो वर्ष तलबभत्तामा रु३१५८५१५४।- र करार सेवा शुल्कबाट रु २२४१६४७०।- खर्च गरेको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा स्थानीय तहको राजस्व क्षमतालाई खासै ध्यान दिएको देखिएन । आन्तरिक आय कमजोर रहेको पालिकाले आफ्नो आयको करिव ५ गुना बढी तलब भत्तामा खर्च हुने गरी कर्मचारी राख्नु उचित देखिएन ।

२२ **असम्बन्धित खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम ३ मा कार्यालयले आफ्नो कार्यालयको उद्देश्य अनुरुपको लक्ष्य निर्धारण गरी सोको आधारमा बार्षिक वजेट तथा कार्यक्रम निर्धारण गरी तालुक निकायमा पठाई स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रही कार्यक्रम कार्यान्वयन गर्नुपर्ने तथा नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको यकीन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ।पालिकाले गो.भौ.नं. ९०६।२०८१।३।२३ प्रोत्साहन तथा पुरस्कार शीर्षकबाट वडा समितिको निर्णय गरी वेसहारा आमाबुवाको सहारा नगरप्रमुख कार्यक्रम व्यवस्थापन तथा राहत वितरणमा सहयोग गरेको भनी व्रम्हशक्ति किराना पसलका प्रोपराईटर प्रेमबहादुर बमलाई प्रोत्साहन तथा पुरस्कार स्वरुप रु. ३००००।- भुक्तानी गरेको देखिन्छ ।कार्यालयको नियमित कार्यक्रम संचालन गर्ने जिम्मेवारी सम्बन्धित पदाधिकारी तथा कर्मचारी हुने र कर्मचारीद्वारा सम्पन्न गर्नुपर्ने कार्यका लागि अन्य व्यक्तिलाई सहभागी गराई प्रोत्साहन वापत रकम भुक्तानी दिने निर्णय गर्ने पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

२३ **न्यायिक सहजकर्ता**

सुदूरपश्चिम प्रदेश सरकारद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव, सल्लाहकार र सहजकर्ता राखि पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष श्री नविन सिंह रैखोलालाई न्यायिक सहजकर्तासल्लाहकार नियुक्त गरी मासिक ३०२००।- का दरले वार्षिक रु. ३९२६००।-पारिश्रमिक भुक्तानी दिएको छ ।यसरी न्यायिक सहजकर्ताको रुपमा निजले सम्पादन गरेका कार्यको कुनै अभिलेख देखिदैन ।सहजकर्ता नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मूल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ। न्यायिक सहजकर्ताले कार्य विवरण तयार नगरेको तथा निजको कार्य सम्पादनको अभिलेख समेत नरहेकोले निजलाई भुक्तानी दिने आधार नदेखिको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९२,६०० |

२४ **योजनाको आवश्यकता र औचित्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने तथा योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनहरूको सूची सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याकंनको योजना समेत तयार गरी सरोकारवालाहरूको अधिकतम सहभागितामा बनाउने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले महाकाली नगर युवा परिषद गठन गरी निम्न व्यक्तिहरूलाई नियुक्ती दिई विकासका लागि प्राप्त समानीकरण अनुदानबाट मासिक सुविधा प्रदान गर्ने गरेको पाइयो । कुल खर्चमा आन्तरिक आयको हिस्सा १.६९ प्रतिशत मात्र रहेको तथा उक्त कार्य गर्न पालिकामा छुट्टै शाखा तथा कर्मचारीहरू भएको र गैर नाफामुलक संस्थालाई सामाजिक कार्यका लागि थप प्रशासनिक खर्च बढ्ने गरी भुक्तानी दिने निर्णय गर्नु उपयुक्त तथा औचित्यपूर्ण देखिदैन। पालिकाले उल्लिखित परिषदका पदाधिकारीहरू भुक्तानी गरेको रकम थप व्ययभार भएको, गुणात्मक प्रतिफलका हिसाबले उपयुक्त नभएको तथा विकास बजेटबाट खर्च गर्न नमिल्ने रकम अनियमित देखिएको रु.

| नामथर | पद | मासिक सुविधा | कुल भुक्तानी | सा सु कर | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| श्री लोक विक्रम सामन्त | नगर युवा परिषद अध्यक्ष | २४५०० | २९४००० | २९४० | २९१०६० |
| श्री अमर सिंह बोहरा | नगर युवा परिषद उपाध्यक्ष | १४३०० | १७१६०० | १७१६ | १६९८८४ |
| श्री लक्ष्मी महरा | नगर युवा परिषद सदस्य | १२००० | १४४००० | १४४० | १४२५६० |

| अनियमित भएको | ८,८८,६२४ |
|---|---|

२५ **कानूनी परामर्श खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (१) मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था छ । ग्लोवल ल अफिस प्रा.लि.काठमाडौंलाई तथा धामी ल च्याम्बर दार्चुला लाई जिल्ला अदातल दार्चुलामा वहस पैरवी वापत देहाय अनुसार रकम भुक्तानी गर्दा लागत अनुमानको आधार खुलाएको छैन ।सम्झौता अनुसार लिखित जवाफ एक पटकको रू. २००००, वहस शुल्क एक पटकको रू. २००००, आतेजाते खर्च र अदालती खर्च समेत भुक्तानी गरेको पाइयो । यसरी खर्च गर्दा खर्चको मितव्ययितालाई विचर नगरेको, ग्लोवल ल अफिस प्रा.लि. काठमाडौं तथा धामी ल च्याम्बरलाई छनोट गर्नु पर्ने आधार र शुल्कको लागत अनुमानको आधार समेत नखुलाई कार्यालय प्रमुखको निर्णयबाट भएको खर्च नियम सम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ४४२।२०८०।११।२१ | ग्लोवललअफिस -लिखित जवाफ, वहस पैरवी, र आतेजाते खर्चको वील अनुसार हुने रू. | ११०००० |
| ८८०।२०८१।३।२२ | ग्लोवललअफिस -लिखित जवाफ, वहस पैरवी, र आतेजाते खर्चको वील अनुसार हुने रू. | ११५००० |
| ८७८।२०८१।३।२२ | धामी ल च्याम्बर-लिखित जवाफ, वहस पैरवी, र आतेजाते खर्चको वील अनुसार हुने रू. | ६०००० |
| ३१५।२०८०।९।२४ | ग्लोवललअफिस-लिखित जवाफ, वहस पैरवी, र आतेजाते खर्चको वील अनुसार हुने रू. | १९७००० |

| अनियमित भएको | ४,८२,००० |
|---|---|

२६ **भु उपयोग क्षेत्र बर्गिकरण कार्यक्रम** (२१५-२०८१-१-२६):

पालिकाले भूउपयोग क्षेत्र बर्गीकरण कार्यक्रमको लागि रू. १९९५०००।– मा ओम कन्सल्टेन्टसँग २०८० चैत मसान्त भित्र कार्यसम्पन्न गर्ने गरी २०८० जेठ ८ गते सम्झौता भएको छ । तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेकोले पालिकाको २०८१।१।१८ को निर्णय अनुसार २०८१ असार मसान्त सम्म म्याद थप गर्दा समेत लेखापरीक्षण अवधिसम्म अन्तिम प्रतिवेदन बुझाएको छैन । इन्सपेक्सन रिपोर्ट बुझाए वापत संझौता रकमको २० प्रतिशत र ड्राफ्ट रिपोर्टको ४० प्रतिशत समेत हालसम्म रू. ११९७०००।– भुक्तानी गरी सकेको अवस्था छ । तोकिएको समयमा कार्य सम्पन्न नभएकोले पालिकाको भूउपयोग सम्बन्धी सेवा प्रवाहमा असर परेकोले पालिकाले सम्झौता बमोजिम कार्य सम्पन्न गराउन पहल गर्नु पर्ने देखिन्छ ।

२७ **पालिकाबाट सम्पादन हुने कार्य सेवा परामर्शबाट गराएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा सार्वजनिक खर्चमा मितव्ययिता सम्बन्धी मापदण्ड, २०७८ मा सार्वजनिक निकायको संयन्त्रबाट सम्पादन हुन सक्ने संभाव्यता अध्ययनसम्बन्धी कार्य परामर्शदाताबाट गराउन नपाउने व्यवस्था रहेकोमा पालिकाले देहायका भौचरहरूबाट अन्य संस्था तथा परामर्शदाताहरूलाई भुक्तानी गरेको देखिएकोमा उक्त कार्य परामर्शदाताबाट गराउन नमिल्ने अनियमित रकम रु.

| गो.भौ.नं. मिति | क्रियाकलाप | संचालन गर्ने | रकम | कैफियत |
|---|---|---|---|---|
| ८२९।२०८१।३।१७ | खेलकुद संचालन तथा व्यवस्थापन कार्यक्रम | दार्चुला जिल्ला कवड्डी संघ | २२००००।- | कवड्डी प्रतियोगितामा नगरपालिकाको टिम व्यवस्थापन खर्च |
| ६६४।२०८१।२।२ | ११औं नारी दिवस कार्यक्रम | लालिगुरास महिला कृषि बहुउद्देश्यीय सहकारी संस्था | १००००।- | नारी दिवस मनाउने सम्बन्धी कार्यक्रम |
| | | | अनियमित भएको | २,३०,००० |

२८ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्के पश्चात उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धि समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राखुपर्ने व्यवस्था छ ।साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने उल्लेख छ । गाउँपालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शीर्षकमा रु. २३९३२६०।- खर्च लेखेको देखियो ।

लेखापरीक्षणको क्रममा संकलन गरिएको विवरण अनुसार गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीले सबैले दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखियो । कार्यालय प्रमुख, लेखा कर्मचारी, प्राविधिक शाखा प्रमुख, प्रशासन शाखाका कर्मचारी, जिन्सी हेर्ने कर्मचारी, योजना हेर्ने कर्मचारी नै औचित्य नखुल्ने गरी भ्रमणमा जाने गरेको देखिएको छ । भ्रमण खर्च भुक्तानी भएका सबैजसो भ्रमण आदेशमा भ्रमणको स्पष्ट उद्देश्य र कारण नखुलाई कार्यालयको कामकाजको लागि भनी उल्लेख गरेको कर्मचारी वा पदाधिकारी भ्रमण गई कार्यालयको काम सम्पादन गरेको पुष्टि हुने प्रमाण तथा सबै भ्रमणमा भ्रमण प्रतिवेदन पेश हुने नगरेकोले भ्रमण खर्च सरकारी कामको लागि भएको हो भनी यकिन गर्ने अवस्था देखिएन । पेश भएका भ्रमण आदेश तथा भ्रमण बील लगायत कागजातबाट भ्रमण खर्चको औचित्य पुष्टि हुने देखिँदैन । वडा सचिव, कार्यालय सहयोगी, वडा अध्यक्ष, सदस्य लगायत अधिकांश पदको कार्य विवरण अनुसार पालिका बाहेक अन्यत्र खासै काम नहुनेमा प्रत्येक महिना कार्यालयको कामकाज उल्लेख गरी पालिका भित्र अनुगमन तथा जिल्ला बाहिर धनगढी लगायत स्थानमा गएको देखाउने गरेको पाइयो । जुन भ्रमणको औचित्य पुष्टि हुने देखिँदैन । भ्रमणमा खटाउने सम्बन्धमा कार्यालय प्रमुखले आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरेको देखिएन । यसरी आवश्यकता र औचित्य वेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ ।

२९ **भ्रमण व्यवस्थापन**

सुदूर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३० **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक निकायले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ । यस जिल्लाबाट कायम भएको जिल्ला दररेट अनुसार गाडी जाने बाटो भएकोमा रु १५।- प्रति वर्ग फिट गाडी जाने बाटो नभएकोमा रु १३।- प्रति वर्गफिट उल्लेख छ । पालिकाले यस वर्ष गाउँपालिका चालु शीर्षकबाट रु १४९८४२०।- घर भाडा वापत भुक्तानी गरेको छ । नियममा भएको व्यवस्था बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिबाट भाडा निर्धारण गरेको छैन । साथै, कोठाको क्षेत्रफललाई आधार लिई घर भाडा निर्धारण गरेको देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्णपालना हुनुपर्दछ।

३१ **विविध खर्च**

महालेखा नियन्त्रक कार्यालयद्वारा प्रकाशित एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या २०७४ अनुसार खर्च संकेत नं. २२७११ विविध खर्च शीर्षकबाट वार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरू सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शीर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शीर्षकमा रु.३००००००।- बजेट व्यवस्था गरेकोमा रु.२४२८२२६।- खर्च गरेको छ । उक्त खर्च अन्तर्गत अधिकांश खर्च खानाखाजा खर्च भनि बिल पेश हुने गरेको छ । खर्च संकेतको बर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चको पुष्टि हुने कागजात तथा उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ ।औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरी यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

३२ **ईन्धन तथा मर्मत सम्भार खर्च**

सरकारी लेखा निर्देशिका, २०७३ को बुँदा नं. ४.७.३ अनुसार ईन्धन माग गर्दा माग फारम स्वीकृति गरी माग गर्ने र ईन्धन प्रयोग भइसकेपछि प्रयोग भएको विवरण तथा परिमाण सहित तोकिएको ढाँचामा लग बुक पेश गर्नुपर्ने व्यवस्था छ। साथै पुँजीगत सम्पत्तिको मर्मत सम्भार गर्दा सम्बन्धित कर्मचारीबाट मर्मत सम्भार गर्नुपर्ने सामानको विवरण लिई लागत अनुमान तयरा गरी जाँच गरी खरीद शाखाले अख्तियार प्राप्त अधिकारीबाट स्वीकृति लिई मर्मत सम्भार कार्य गराउनु पर्दछ र मर्मत सम्भारगरिएका सामान मर्मत सम्भार गरिएका सामान मर्मत सम्भार भएको क कुरा सम्बन्धित सवारी साधन वा मेसिनरी सञ्चालन गर्ने कर्मचारी वा प्राविधिकबाट प्रमाणित गराई मर्मत गरिएको पुरानो पाटपुर्जा सामान भण्डारमा फिर्ता गरी सोको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था उल्लेख छ । तर कार्यालयले देहायबमोजिम ईन्धन र मर्मत सम्भार खर्च लेखाङ्कन गरेकोमा ईन्धन तथा मर्मत सम्भारको अभिलेख नराखेको लगबुक प्रमाणित गरी राख्ने नगरेको एवं मर्मत सम्भार गरेका पुराना सामानहरू भण्डारमा फिर्ता सम्म नगरेकोले कार्यालयले यसरी निर्देशिका विपरित खर्च गर्ने कार्य बन्द गर्नुपर्दछ।

| गो.भौ.र मिति | विवरण | रकम |
|---|---|---|
| ७०।०८०।६।१६ | ईन्धन - महादेव ईन्टरप्राईजेज | ३४९२९६।- |
| ५७।०८०।७।१ | ईन्धन - महादेव ईन्टरप्राईजेज | ३९०७८९।- |
| ८४।२०८०।७।३ | सवारी साधन मर्मत- त्रिपुरा अर्डर एण्ड सप्लायर्स | १०५९९९।- |
| ६३२।२०८१।१।३० | ईन्धन - महादेव ईन्टरप्राईजेज | २४८५००।- |
| ९२।०८०।७।१० | सवारी साधन मर्मत- जगन्नाथ सपिङ एण्डसप्लायर्स | १२०५१०।- |
| ९७।२०८०।७।१३ | सवारी साधन मर्मत- त्रिपुरा अर्डर एण्ड सप्लायर्स | २१६३१९।- |
| ९८।२०८०।७।१३ | सवारी साधन मर्मत- शुलभ ईन्जिनियरिङ | १९४५००।- |
| ५९६।२०८१।१।२४ | सवारी साधन मर्मत- बतास एम ए डब्लु | ३७५०४४।- |

३३ **सम्झौतामा नभएको रकम भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१३,४३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **विल वेगरको भुक्तानी** (९०१-२०८१-३-२३):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले वडा नं. ६ को कार्यालय संचालन खर्च शिर्षकबाट मेनका ट्रेडर्स एण्ड सप्लायर्सलाई विजक वेगर भुक्तानी दिएको देखिएकोले खर्च पुस्ट्याई हुने प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,३०० |

३५ **करार कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले उल्लेखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १२२२२०००।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरित तथा दरबन्दी वेगर करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन ।

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| इन्जिनियर | २ | १००७७४० |
| सहायक पाँचौ | १ | ४०२६०० |
| कृषि प्रा स | १ | ४०२६०० |
| अमिन | १ | ३८१९३० |
| सब ईन्जिनियर | २ | ८०५२०० |
| असिस्टेन्ट सब ईन्जिनियर | १ | ३८१९३० |
| अहेव | ३ | ७५१५०० |
| अनमी | १५ | ३०३६००० |
| फार्मेसी सहायक | १ | २७०००० |
| हे अ | १ | २७०००० |
| कृषि प्राविधिक चौथो | १० | २३७५००० |
| पशु प्राविधिक चौथो | ९ | २१३७५०० |
| जम्मा | | १२२२२००० |

३६ **तालिम कार्यक्रम**

नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ मा सबै प्रकारका तालिम गोष्ठी तथा सेमिनार सम्बन्धी मापदण्ड निर्धारण गरिएको छ । पालिकाले आफ्नै कार्यसञ्चालन निर्देशका जारी नगरेको सन्दर्भमा अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशका अनुसार नै तालिम कार्यक्रम संचालन गर्नुपर्नेमा सो बमोजिम नभई बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | कार्यक्रम | खर्चको विवरण | निर्देशिका अनुसार भुक्तानी हुनपर्ने | भुक्तानी भएको | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ८५१।२०८१।३।१९ | न्यायिक समिति पदाधिकारी कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम | प्रतिवेदक माधव प्रसाद भट्ट | १५०० | २५०० | १००० |
| | | सहभागी यातायात ३० जना | २०० | २००० | ५४००० |
| | | प्रशिक्षक भत्ता ४ जना लाई १० सेशनवापत | १६०० | ३४०० | १८००० |
| ९०५।२०८१।३।२३ | उद्दारकर्मी तथा नगर प्रहरीको क्षमता अभिवृद्धी कार्यक्रम | ९ जनालाई ४० सेशनवापत | १६०० | २००० | १६००० |
| ६८०।२०८१।२।९ | वालविवाह न्यूनीकरण सम्बन्धी सचेतना सम्बन्धी १ दिने तालिम | अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिकामा तालिम कार्यक्रमको अनुगमन सम्बन्धी कुनै व्यवस्था गरेको देखिदैन पालिकाले तालिम कार्यक्रको अनुगमन वापत विभिन्न पदाधिकारीहरूलाई भुक्तानी | ० | ६००० | ६००० |
| | | पालिकाले १ दिने तालिम कार्यक्रममा ५६ जना सहभागीलाई यातायात खर्च | २०० | ५०० | १६८०० |
| जम्मा | | | | | १११८०० |
| | | | | असुल गर्नुपर्ने | १,११,८०० |

३७ **महोत्सव तथा अन्य खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष विभिन्न उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ३ लाख ९९ हजार खर्च गरेको छ ।

३८ **गाडीभाडा**

३८.१ पालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागि अर्को यात्रुवाहक सवारी साधन मासिक रु १,१८,००० को दरले २०८० वैशाख देखी असारसम्म ३ महिना भाडामा लिदा सवारी धनी आवास धामीले सम्झौतामा 4 WD Bolero स्पेशिफिकेशनको गाडी उपलब्ध गराउने भनी सम्झौता गरेकोमा सम्झौता विपरित 2WD Bolero गाडी उपलब्ध गराई सोही दररेटमा भुक्तानी दिएको छ । पालिकालाई 2WD गाडीले काम चल्ने अवस्थामा 4WD गाडीको दरमा लागत अनुमान तयार गरी बढी दर भुक्तानी दिने नियतले सम्झौता गरेको हुन सक्ने देखिएको छ । कार्यालयले आवश्यकताको पहिचान गरी लागत अनुमान गर्ने र सोही बमोजिम खरिद गर्नु पर्दछ ।

३८.२ **गाडी भाडा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरूको समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेशिफिकेसन, अवस्था र आयु, प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरूलाई विचार पुर्‍याउनु पर्ने उल्लेख छ । तर पालिकाले यो वर्ष साउन देखि असोजसम्म कार्यालय प्रयोजनको लागि एक यात्रुवाहक सवारी साधन मासिक रु १,५०,०००।- को दरले सवारीधनी चेतनमणि ठगुन्नासँग भाडामा लिदाको रु ४५००००।- खर्च गर्दा उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी गत वर्षकै कोटेशन लिई सबैभन्दा कम कबोल गर्ने यात्रुबाहकसँग सम्झौतामा म्याद थप गरी भुक्तानी गरेको पाइयो । यसरी खरिद नियमावलीले तोकेको प्रक्रिया पुरा नगरी गाडी भाडामा लिई खर्च गरेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५०,००० |

३९ **जलयात्रा भ्रमण भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **नन्फाइलर**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-११** को निर्णयले रू **१,३२५,८६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४१ **जिन्सी दाखिला**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६७०,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४२ **बहुवर्षीय सम्झौता**

सार्वजनिक खरिद नियमावलीको नियम ५ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने तथा खरिद कारबाहीको तयारी गर्दा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने तथा नियम ६ मा खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने तथासार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुदाँ नं. ३ मा अर्थमन्त्रालयको सहमती नलिई दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठेक्का बन्दोवस्त गर्न नपाईनेतथा आयोजनाको बहुबर्षिय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ मा भएका शर्त पुरा नगरेका तथा मध्यकालीन खर्च संरचनामा सामेल नभएका आयोजना र कार्यक्रमलाई बहुर्षीय ठेक्काको लागि स्रोत सहमति नदिइने उल्लेख छ। यसरी नियममा भएको व्यवस्था विपरीत निर्माण कार्य गर्दा निर्माण कार्य अलपत्र पर्ने, श्रोत सुनिश्चितता नहुने तथा बढी खर्चिलो हुने तथा कम गुणस्तर हुने देखिन्छ।

४३ **कार्यस्वीकार प्रतिवेदन** (९१८-२०८१-३-२४):

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस कार्यक्रम अन्तर्गत पालिकाले गाँउपालिका चालु शीर्षक गो.भौ.नं. ९१८।२०८१।३।२४ बाट ४ ओटा योजना अन्तर्गत ५ जना कामदारलाई दक्ष श्रमिक ज्याला भुक्तानी गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा खर्च लेख्नुपर्नेमा पालिकाले प्राविधिक नापजाँच नापी किताबमा उल्लेख नगरी तथा कार्यस्वीकार प्रतिवेदन तयार नगरी श्रमिकहरूलाई बुझाएको भरपाईको आधारमा भुक्तानी दिएको देखिएकोले सोको कार्यस्वीकार प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२९,००० |

४४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

४४.१ कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु. ७९ लाख १५ हजार मध्येबाट घोरेटो बाटो निर्माण, पर्खाल निर्माण, बाटो मर्मत, नाला मर्मत, ढुंगा सोलिङमा रू. ७७ लाख ४७ हजार खर्च भएको छ । सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ५४ लाख ७८ हजार खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि १२८५ जनाले निवेदन दिएकामा जम्मा ८२ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ९ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी पालिकाले दिएको छ । ९ वटा वडामा सञ्चालित कार्यक्रममा ८२ जनालाई दैनिक ६६८ को दरले अधिकतम १०० दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्यबीच तुलना गर्न सक्ने अवस्था छैन ।

४४.२ **दक्ष कामदारको ज्यालाः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम बेरोजगार सूचीमा सूचीकृत भएका व्यक्तिलाई काममा खटाएबापत प्रति दिन ६६८ को दरले भुक्तानी दिन सकिने व्यवस्था छ तर कुनै आयोजनामा दक्ष कामदार खटाउन पर्ने भएमा वा मालसामान खरिद गर्नुपर्ने भएमा त्यस्तो रकम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट खर्च गर्न नपाइने व्यवस्था छ ।पालिकाले निम्न योजनाको दक्ष कामदारको ज्याला रकम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

| गो.भो.नं. । मिति | आयोजनाको नाम | दक्ष ज्याला र सामग्री खरिद भ्याट सहित | नगरपालिकाको स्रोतबाट व्यहोरेको | घटी रकम |
|---|---|---|---|---|
| २४९-२० २०८१।०३। | आसिगडा आधारभूत विद्यालय घेराबार | ४९३०८२ | ३१७९८९ | १७५०९२ |
| ३७५-२३ २०८१।०३। | लटिनाथ आवि धलिगडा घेरा पर्खाल निर्माण | १३७८९३ | १२२९२५ | १४९६८ |
| ३८४-२३ २०८१।०३। | भूमिराज आवि मलेरा घेराबार | ९८०१५ | ६७९६० | ३००५५ |
| | **जम्मा** | | | **२२०११५** |

| अनियमित भएको | २,२०,११५ |
|---|---|

४५ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ ।पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. ७९११४११२/- निकासा गरेकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो ।यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन् ।

**एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीः** कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वियनमा ल्याएको छ

। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन ।

विवरण पेश तथा समीक्षा र सार्वजनिक सुनुवाईः कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन । साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन ।

यस पालिकाबाट गत आर्थिक वर्ष २०७९।८० र आर्थिक वर्ष २०८०।८१ मा देहाय अनुसार देहाय अनुसारका लाभग्रही रहेको देखियो

| सि.नं. | लाभग्राही वर्ग | भत्ता दर | २०७९।८० मा रहेका लाभग्रहीको संख्या | २०८०।८१ मा रहेका लाभग्रहीको संख्या |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक ६८ वर्ष माथि | ४००० | ११४४ | ११९३ |
| २ | ज्येष्ठ नागरिक दलित | २६६० | १०८ | ११४ |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | २६६० | १५३ | १३७ |
| ४ | विधवा (आर्थिक सहायता) | २६६० | २८९ | ३१८ |
| ५ | पूर्ण अपाङ्ग | ३९९० | ५२ | ५२ |
| ६ | अति अशक्त अपाङ्ग | २१२८ | ९२ | ९८ |
| ७ | दलित बालवालिका | ५३२ | २३५ | २१७ |

पालिकाले सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०७९।८० मा लाभग्राहीलाई रु. ७ करोड ६३ लाख ४३ हजार खर्च भएकोमा आ.व. २०८०।८१ मा रु. ७ करोड ९१ लाख १४ हजार खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु. २७ लाख ७१ हजार वढी खर्च भएको छ ।

## ४६ पत्रपत्रिका छपाई र सुचना प्रकाशन

पालिकाले सूचना प्रकाशन र पत्रपत्रिका बापत यो आर्थिक वर्ष रु. ५४०२९७ खर्च गरेकोमा देखिएका व्यहोरा निम्न बमोजिम छ ।

### ४६.१ बढी भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१३९,१४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६.२ पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ (क) को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ । पालिकाले सूचना प्रकाशन बापत विज्ञापन एजेन्सी र पत्रपत्रिकालाई भुक्तानी दिँदा विज्ञापन बोर्डको कोषमा जम्मा गर्नुपर्ने ३ प्रतिशत रकम जम्मा गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

४६.३ विज्ञापन संकलन, प्रकाशन एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका, २०७८ को बुँदा ६ मा विज्ञापन एजेन्सीले विज्ञापन संकलन गरी प्रकाशन गरेबापत सम्बन्धित पत्रिकाको आफ्नै विजक जारी गर्नुपर्ने र एजेन्सीले विज्ञापन संकलन बापत १५ प्रतिशत कमिशन लिन सक्ने व्यवस्था छ । पालिकाबाट जारी भएको सूचनाहरू विभिन्न दैनिक पत्रिकामा प्रकाशन गरेबापत विज्ञापन एजेन्सीहरूले आफ्नै

विजक जारी गर्ने गरेको देखिन्छ । एजेन्सीले विज्ञापन प्रकाशन गरेको पत्रिकाको विजक जारी गरी आफ्नो कमिशन बापतको रकम भुक्तानीको लागि माग गरी पालिकाले सोही बमोजिम भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ ।

**४७ अग्रीम आय कर**

गो.भौ.नं. ९० मिति २०८०।१०।११ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सरकारी निकायले कुनै प्रकारको खरिद गर्नुपर्दा स्थायी लेखा नम्बरमा दर्ता भएकोसँग खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आयकर ऐन, २०५८ को परिच्छेद १७ मा स्थायी लेखा नम्बर लिएकोसँग कारोबार गर्दा भुक्तानीमा १.५ को दरले कर कट्टी गर्नुपर्ने र स्थायी लेखा नम्बरमा दर्ता नभएको व्यक्तिसँग कारोबार गर्दा १५ प्रतिशतको दरले आय कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०८०।८।२८ देखि २०८०।९।४ सम्म सञ्चालित ७ दिने उद्यम विकास कार्यक्रमको खाजा खर्च बापत स्थायी लेखा नम्बरमा दर्ता नभएको जगत सिंह साहुलाई ४३४००।- भुक्तानी दिएको कर कट्टी नगरेकोले कार्यक्रम सञ्चालन उद्यम विकास सहजकर्ता श्री निशा सिनाललाई जिम्मेबार बनाई १५ प्रतिशत कर असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ६,५१० |
|---|---|

**४८ नमुना विद्यालयमा कार्यसम्पादनमा करारका आधारमा प्र.अ. र शिक्षकका लागि विद्यालयबाट प्रोत्साहन अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ९.७ मा शिक्षा तथा मानव स्रोत केन्द्रबाट छनोट भई सञ्चालनमा रहेका नमुना विद्यालयका प्र.अ. र माध्यमिक तहका विषयगत शिक्षकले गुरुयोजना कार्यान्वियन गर्नको लागि अतिरिक्त समय खट्नुपर्ने र विद्यार्थीको सिकाई उपलब्धी अभिवृद्धि गर्नको लागि स्रोत सामग्री व्यवस्थापनको लागि २ लाख अनुदान प्राप्त गर्न सकिने, यसरी उपलब्ध गराएको अनुदानबाट ५० प्रतिशत प्रधानाध्यापक र ५० प्रतिशत अन्य विषयगत शिक्षकसँग अनुसूची १३ मा उल्लेख गरेको विषयबस्तु समावेश गरी नतिजामा आधारित कार्यसम्पादन करार गर्नुपर्ने र कार्यसम्पादन करार बमोजिम नतिजा विद्यालय व्यवस्थापन समितिबाट सिफारिस प्राप्त भएपछि भुक्तानी दिन सकिने व्यवस्था छ । पालिकाले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरेतापनि विद्यालयले अन्य विषयगत शिक्षकसँग अनुसूची १३ बमोजिम कार्यसम्पादन करार गरेक देखिदैन् भने सो बमोजिम नतिजा प्राप्त भएको नभएको परीक्षण नगरेको साथै विद्यालय व्यवस्थापन समितिबाट करार बमोजिम नतिजा प्राप्त गरेको सिफारिस पत्र समेत प्राप्त नभएकोले अनुसूची बमोजिम कार्यसम्पादन करार नगरी भुक्तानी दिएको रकम फिर्ता प्राप्त गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,००,००० |
|---|---|

**४९ जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियमा २८ मा कार्यालयमा जिन्सी मालसामान प्राप्त भएको ७ दिन भित्र दाखिला गरी श्रेस्ता खडा गरेर मात्र खर्च गर्नुपर्ने र महालेखा नियन्त्रकको कार्यालयको च.नं. ११ मिति २०७७।४।१३ को पत्र बमोजिम सम्पूर्ण कार्यालयले जिन्सी अभिलेखको लागि अनिबार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PSMS) लागु गरि जिन्सी दाखिला गर्नुपर्ने उल्लेख छ । कार्यालय निम्न बमोजिमको जिन्सी मालसामान PAMS मा दाखिला नगरी खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं. । मिति | विवरण | फर्मको नाम | रकम |
|---|---|---|---|
| ३०- २०८०।७।२१ | पञ्जिकरण शाखाको मसलन्द सामग्री | लटिनाथ छापाखाना | १९२५० |
| ७२- २०८०।९।२२ | पञ्जिकरण शाखाको मसलन्द सामग्री | लटिनाथ छापाखाना | ३०७५० |
| ११६- २०८०।११।१४ | रोजगार सेवा केन्द्रको मसलन्द सामग्री | लटिनाथ स्टेशनरी र मेनका ट्रेड एण्ड सप्लायर्स | ४४२९२ |
| १३१- २०८०।११।१५ | रोजगार सेवा केन्द्रको मसलन्द सामग्री | लटिनाथ छापाखाना | १९९५० |
| | जम्मा | | ११४२४२ |

| अनियमित भएको | १,१४,२४२ |
|---|---|

५० **आवासिय तालिमको भ्रमण भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **९,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **विभिन्न समितिको बैठक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा १३३ मा प्रचलिकत कानून बमोजिम वा लेखा उत्तरदायित्व अधिकृतको निर्णय बमोजिम गठन भई एक भन्दा बढी निकायको पदाधिकारी समावेश हुने समितिको बैठक कार्यालय समय भन्दा अघि वा पछि बैठक बस्नु परेमा मात्र नियमानुसार बैठक भत्ता दिन सकिने व्यवस्था छ । पालिकाले कार्यालयको कर्मचारी मात्र सदस्य रहेको विभिन्न समिति (स्थानीय सरकार संचालन ऐनमा उल्लेख भएको वाहेकको समिति) गठन गरी विभिन्न मिति र समयमा बैठक बसी बैठक भत्ता लिएको देखियो । कार्यसंचालन निर्देशिका, २०७७ ले एकै निकायका कर्मचारी तथा पदाधिकारी रहने समितिको वैठकमा वैठक भत्ता भुक्तानी नगर्ने उल्लेख गरेकोले कार्यालय उक्त वैठक भत्ता भुक्तानी लिएको रकम अनियमित देखिएको रु.

| गो.भौ.नं. मिति | समितिको नाम | रकम |
|---|---|---|
| ४४-२०८०।०८।१२ | सशर्त अनुदान प्राविधिक समिति | ७००० |
| १३५-२०८०।१२।०६ | पोषण तथा खाद्य सुरक्षा तथा निर्देशक समिति | २२१५० |
| ३३२-२०८१।३।१९ | विशेष अनुदान छनोट समिति | ४४००० |
| प्रदेश सशर्त ३- २०८१।०१।३१ | **PADS** नगरपालिका स्तरीय कार्यान्वयन समिति | ३१५०० |
| | जम्मा | १०४६५० |

| | |
|---|---|
| अनियमित भएको | १,०४,६५० |

५२ **नमिल्ने भ्रमण भत्ता भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **४२,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५३ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ९.३ मा आधारभूत तहमा कम्तिमा १०० र माध्यमिक तहमा कम्तिमा २०० विद्यार्थी संख्या भएको विद्यालयहरू मध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धति बमोजिम प्राप्त गरेको अंकको आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने दुई विद्यालयलाई शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ठ कार्य गरेबापत कार्यसम्पादन प्रोत्साहन अनुदान क्रमशः ३ लाख र २ लाख दिन सकिने व्यवस्था छ । पालिका अन्तर्गत २०० भन्दा बढी विद्यार्थी संख्या भएको विद्यालयको संख्या ६ वटा रहेको र १०० जना विद्यार्थी संख्या भएको आधारभूत विद्यालयको संख्या ४ वटा हुँदाहुदै सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धति बमोजिम परीक्षण नगरी सोझै महेन्द्र मावि खलंगालाई ३ लाख अनुदान उपलब्ध गराएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको विधि प्रक्रिया अनुसार परीक्षण मापदण्ड बेगर उपलब्ध गराएको प्रोत्साहन अनुदान रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

५४ **कोभिड-१९ बाट पुगेको क्षतिको परिपुरण (Real Plan) अभिमुखिकरण**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५५ **नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकिय योजना अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ९.८ मानिर्देशिकाको अनुसूची १० को “क” मा उल्लेख भएको नमुना विद्यालयको गुरुयोजनामा उल्लेख गरे अनुसार भौतिक पूर्वाधारको लागि बजेट व्यवस्था नभएकोले निर्माणाधिन भए सो सम्पन्न गर्ने र तत्काल शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी हालसम्म विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट उल्लेख गरी प्रस्ताव पेश गर्न लगाउने र यस आ.व.मा सम्पन्न गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबीच सम्झौता गरी ५०० भन्दा कम विद्यार्थी संख्या भएको विद्यालयलाई ३० लाखसम्म अनुदान रकम उपलब्ध गराउने सकिने व्यवस्था छ । पालिकाले हालसम्म विनियोजित बजेटको कार्य प्रगति, थप आवश्यक पर्ने बजेटको खाका, र तत्काल शैक्षिक सुधारको लागि गरिने क्रियाकलापको लागि आवश्यक बजेट सहितको प्रस्ताव बेगर मालिकार्जुन मावि, धापलाई रु.३० लाख रकम उपलब्ध गराएको छ । यसरी कार्यविधिले तोकेको मापदण्ड बेगर विद्यालयलाई उपलब्ध गराएको रकम अनियमित देखिएको रु.

| अनियमित भएको | ३०,००,००० |
|---|---|

५६ **उद्घाटन समारोहमा उपस्थित भत्ता**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५७ **प्रारम्भिक बालविकास सहजकर्तालाई पालिकाबाट हुने तथ निकासा**

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम् मापदण्ड मार्गदर्शन पुस्तिका, २०६७ को बुँदा २ मा एउटा विद्यालयमा पूर्व प्राथमिक कक्षामा भर्ना भएका विद्यार्थी संख्या २५ जनासम्म भएमा १ जना तालिम प्राप्त बालविकास सहजकर्ता व्यवस्थापन हुने व्यवस्था उल्लेख छ । त्यस्तै सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ को दफा ८(४) मा गाभिन जाने विद्यालयमा कार्यरत बालविकास सहजकर्ता गाभिएर जाने विद्यालयमा सरुवा गरिने तर गाभिएर जाने विद्यालयमा बालविकास सहजकर्ता आवश्यक नभएकमा स्वतः हटाईने भन्ने व्यवस्था रहेको छ । पालिकाले कार्यविधि बमोजिम समायोजन गरेको विद्यालयमा पूर्व प्राथमिक कक्षामा निम्नानुसार बालबालिकाको संख्या रहेकोमा आवश्यक नभएको बालविकास सहजकर्ता नहटाई नियमित तलब निकासा दिएको रकम अनियमित देखिएको रु.

| विद्यालयको नाम | कर्मचारीको प्रकार | बालबालिका संख्या सत्यापन अनुसार | सहजकर्ता संख्या | आवश्यक सहजकर्तासंख्या | बालबालिका संख्या अनुसार बढी संख्य | तलब निकासा दर | जम्मा (चाडपर्व र पोशाक समेत) |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय मावि, दत्तु | बालबिकास सहजकर्ता | १० | २ | १ | १ | ७००० | ९१००० |
| मोतिमहिला संग आवि तिंकर | बालविकास सहजकर्ता | ७४ | ४ | ३ | १ | ७००० | ९१००० |
| | जम्मा | | | | | | १८२००० |

| | |
|---|---|
| अनियमित भएको | १,८२,००० |

५८ **प्रशिक्षक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **८,७५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९ **विद्यालय कर्मचारीलाई पालिकाबाट हुने थप निकासा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.१.४.१ मा विद्यालय र माध्यमिक विद्यालयलाई १ जना विद्यालय कर्मचारी र सम्पूर्ण विद्यालयको लागि १ सहयोगीको लागि प्रति ७ हजारको दरले १३ महिनाको पारिश्रमिक पालिकाबाट थप निकासा दिन सक्ने व्यवस्था छ । पालिकाले कार्यविधि बमोजिम समायोजन गरेको विद्यालयको निम्न विद्यालयमा विद्यालय कर्मचारी नहटाई नियमित तलब निकासा दिएको छ । यसरी कार्यविधि विपरित निरन्तर राखेर भुक्तानी दिएको निम्न रकम अनियमित देखिएको रु.

| विद्यालयको नाम | कर्मचारीको प्रकार | बढी संख्य | तलब निकासा दर | जम्मा (चाडपर्व र पोशाक समेत) |
|---|---|---|---|---|
| मालिकार्जुन मावि, धाप | सहयोगी कर्मचारी | १ | ७००० | ९१००० |
| राष्ट्रिय मावि, दत्तु | सहयोगी कर्मचारी | ३ | ७००० | २७३००० |
| जम्मा | | | | ३६४००० |

| | |
|---|---|
| अनियमित भएको | ३,६४,००० |

६० **कार्य विवरण विपरितको कार्य**

सरकारी तलव भत्ता भुक्तानी पाउने कर्मचारी पदाधिकारीले नियुक्त भएको सेवा तथा कार्य विवरणअनुसारको कार्य सम्पादन गर्नुपर्दछ । पालिकाको शिक्षा शाखामा हुस्कर मा.वि.काटै र गडिभवन मावि थाप्ला विद्यालयकाशिक्षकद्वय नन्दराज भट्ट मान सिंह धामी जम्मेवारी दिई विद्यालयमा क्रमशः रमिता भट्टा र लक्ष्मी खडायतलाई सट्टा करारमा शिक्षकको नियुक्ति गरी पालिकाबाट रु.५,६७,९५७ भुक्तानी गरेको छ । कार्यविधि र कानून विपरित दरबन्दीमा भएको शिक्षकलाई फरक जिम्मेवारी दिई सट्टा करारमा शिक्षक नियुक्ति गरी खर्च गरेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,६७,९५७ |

६१ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२ **पोलिहाउस निर्माण योजना**

ठेक्कानं 12-MMDARCHULA-NCB-COPH-080-81 को २०८०।०१।२४ मा निर्माण व्यवसायी श्री देब कन्स्ट्रक्सन कम्पनी सँग २०८१।०२।३२ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु.६१९४६४६.७६ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य रु.३९९०६३४.९० (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई रु.२७१३९३७ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा कार्यसम्पन्न भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

६२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने तथा नियम १३(२) मा जुनसुकै कुरा लेखिएको भए तापनि

उपनियम (१५) मा उल्लिखित खर्च शीर्षकमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राखुपर्ने उल्लेख छ। तर कार्यालय सोबमोजिम भुक्तानी दिन बाँकीको विवरण तयार नगरी गत वर्ष नै सो कार्यको लागि बाँकि रहेको रकमबाट भुक्तानी नदिई यस वर्ष भुक्तानी दिन बाँकीको विवरणमा राखेको छ ।

६२.२ **छनौटको आधारः** विशेष अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि २०८० को अनुसूची ४ मा अनुदान प्राप्त गर्ने युवा छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु उल्लेख गरेको छ। तर कार्यालयले उक्त मापदण्ड बमोजिमको एउटै मुल्यांकनका आधारको फरक फरक अंक दिएको कारण उल्लेख गरेको देखिएन। यसरी एउटै आधारको फरक फरक अंक प्रदान गर्दा मुल्यांकन निष्पक्ष तथा स्वच्छ भएको यकिन गर्न सकिने आधार भएन। तसर्थ कार्यालयले छनौट प्रक्रियालाई निष्पक्ष तथा स्वच्छ बनाई वास्तविक अनुदानग्राहीलाई छनौट गर्नुपर्दछ।

६२.३ **कार्यक्रमको आवश्यकता र औचित्यः** आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतकोउच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। तर पालिकाले उक्त उक्त योजनाको लागि दुइ पटक सुचना निकाल्दा पनि छनौट भएको सबै कृषक सम्झौता गर्न नआएकोबाट यस कार्यक्रमको आवश्यकता तथा औचित्य पुष्टि नहुने देखिन्छ। तसर्थ कार्यक्रम संचालन गर्दा स्थानीय माग तथा आर्थिक अवस्थालाई ध्यान दिई गर्न कार्यालयको ध्यान जानुपर्दछ।

६२.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदाँरित पुगे नपुगेको जाँच गर्नुपर्ने र नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बीलको भुक्तानी दिनुपर्ने उल्लेख छ।तर कार्यालयले कार्यसम्पन्न नभएको तथा कृषकहरुलाई निर्मित पोलिहाउस हस्तान्तरण भएको प्रमाण वेगर कार्यस्वीकार तयार गरी भुक्तानी दिएको कानुनविपरीत देखिन्छ। यस्तो कार्यमा सुधार गर्नु पर्दछ ।

६२.५ **अनुगमन तथा मुल्यांकनः**महाकाली नगरपालिकाको योजना तर्जुमा कार्यान्वयन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्नुपर्दछ। तर कार्यालयले सो बमोजिम योजनाको उपलब्धता, प्रभावकारीता तथा उपयोगिता सम्बन्धी अनुगमन तथा मुल्यांकन गरेको देखिएन। तसर्थ कार्यालयबाट कानुनबमोजिम अनुगमन गर्नुपर्दछ।

### ६३ दत्तु थाप्ला सडक मर्मत

ठेक्का नं 10-MMDARCHULA-NCB-UGODTRP-080-81 को २०८१।०१।३१ मा निर्माण व्यवसायी श्री दर्शन निर्माणसँग २०८१।०३।२५ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ६५१३६८७.४६ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य रु ३०८९३००.३०(मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई पेश्की रु ७००००० (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा कार्यसम्पन्न भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

६३.१

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **७००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६३.२ **सडक चेनेजः** पालिकाले सडकहरु नामाकरण नगरेको तथा गतविगतमा भएका सडक निर्माण कार्यहरुको नापी अभिलेख तथा नापी नियन्त्रण खाता नराखेको हुनाले एउटै कार्यको दोहोरो भुक्तानी हुनसक्ने देखिन्छ। आर्थिक वर्ष ०७८।७९ र ०७९।८० मा यही योजनामा खर्च भएको तथा यस तथा गतविगत वर्षमा समेत उपभोक्ता समिति मार्फत कार्य भएको कार्यालयको सूत्र सफ्टवेयरबाट

देखिन्छ। यस वर्ष भएको कार्यमा गतविगतमा भएको कार्य कुन चेनएजसम्म भएको हो सो नापी किताबमा खुलाएको देखिदैन। यसकारण दोहोरो कार्यको भुक्तानी नभएको यकिन गर्न सक्ने विश्वस्त आधार देखिएन। तसर्थ पालिकाले अनिवार्य रुपमा विगतमा भएको कार्यको अभिलेखिकरण तोकिएको ढाचाँमा गर्नुपर्दछ।

६३.३ **डि.पि.आर. प्रतिवेदन भन्दा फरक कार्यः** आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतकोउच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले यस सडकको डि.पि.आर. प्रतिवेदन भन्दा फरक कार्य गराउनको आवश्यकता तथा औचित्य पुष्टि नगरी डि.पि.आर. अनुसारको लम्बाई र स्थानमा ठेक्का समेत नभएकोले योजना प्रभावकारी तथा उक्त योजनामा भएको खर्च औचित्यपूर्ण भएको यकिन हुन सकिएन।तर्सथ कार्यालयको यसमा ध्यान जानुपर्दछ।

## ६४ विद्यालय कर्मचारी

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.१.४.१ मा विद्यालय सहयोगीको लागि प्रति विद्यालय १ जनाको लागि ८ हजारको दरले १३ महिनाको र माध्यमिक विद्यालयलाई १ जना विद्यालय कर्मचारीको लागि रू. १३५००।- को दरले पारिश्रमिक निकासा दिने व्यवस्था छ । पालिकाले कार्यविधि बमोजिम समायोजन गरेको विद्यालयको निम्न विद्यालयमा विद्यालय कर्मचारी नहटाई नियमित तलब निकासा दिएको छ । यसरी कार्यविधि विपरित निरन्तर राखेर भुक्तानी दिएको निम्न रकम अनियमित देखिएको रु.

| विद्यालयको नाम | कर्मचारीको प्रकार | बढी संख्या | तलब निकासा दर | जम्मा (चाडपर्व र पोशाक समेत) |
|---|---|---|---|---|
| मालिकार्जुन मावि, धाप | सहयोगी कर्मचारी | १ | ८००० | ११४००० |
| राष्ट्रिय मावि, दत्तु | सहयोगी कर्मचारी | ३ | ८००० | ३४२००० |
| जम्मा | | | | ४५६००० |

| | |
|---|---|
| अनियमित भएको | ४,५६,००० |

## ६५ शिक्षक दरबन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विधालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री महेन्द्र मा.वि. खलंगा | ३९ | ३९ | ९ | २३१९ |
| २ | श्री मालिकार्जुन मा.वि. धाप | २५ | २४ | ११ | ४८१ |
| ३ | श्री मालिकार्जुन मा.वि. निसिल | ७ | ७ | १ | १२० |
| ४ | श्री मालिकार्जुन मा.वि. पौनेखोला | ३ | ३ | ० | ५६ |
| ५ | श्री हुस्कर मा.वि.काटै | १३ | १३ | २ | १७५ |
| ६ | श्री दुर्गालटिनाथ मा.वि. मैखोली | ७ | ७ | ३ | १५८ |
| ७ | श्री गडीभवन मा.वि. थाप्ला | ६ | ६ | २ | ६२ |
| ८ | श्री आ.वि. बाज | २ | २ | ० | ३० |
| ९ | श्री छापरी आ.वि. छापरी | ४ | ४ | ० | ६९ |
| १० | श्री जायझुल आ.वि. जायझुल | ५ | ५ | २ | २३ |
| ११ | श्री राष्ट्रिय मा.वि. दत्तु | १५ | १५ | ४ | १९६ |
| १२ | श्री हिमालय मा.वि. धौकोट | ७ | ७ | २ | ११५ |
| १३ | श्री अल्कापुरी मा.वि. कोटकौतोली | ९ | ९ | २ | १३५ |
| १४ | श्री असीगडा आ.वि. असीगडा | ५ | ५ | ० | ९३ |
| १५ | श्री दशरथनगर आ.वि. दशरथनगर | ४ | ४ | १ | १५ |
| १६ | श्री भुमिराज आ.वि. वेत | २ | २ | ० | १० |
| १७ | श्रीसरस्वती आ.वि. श्रीवगड | २ | २ | ० | ६ |
| १८ | श्री ज्योति आ.वि. बुढीचौंरा | २ | २ | ० | ७ |
| १९ | श्री टोपीनाथ आ.वि. बवा | १ | १ | ० | ३ |
| २० | श्री हरिनाथ आ.वि. डाँडा | ३ | ३ | १ | २० |
| २१ | श्री मालिकार्जुन आ.वि. झुस्कु | ३ | ३ | ० | २२ |
| २२ | श्री नवयुवक आ.वि. धम्पनेरा | ३ | ३ | ० | १७ |
| २३ | श्री भुवनेश्वरी आ.वि. पण्डोरा | २ | २ | ० | १२ |
| २४ | श्री जगन्नाथ आ.वि. धौलीगाड | ३ | ३ | ० | ३५ |
| २५ | श्री भगवती आ.वि. काकडा | ३ | ३ | ० | ३० |
| २६ | श्री मालिकार्जुन आ.वि. सकार | ३ | ३ | ० | ४४ |
| २७ | श्री भगवती आ.वि. मसिनी | २ | २ | ० | १४ |
| २८ | श्री जगन्नाथ आ.वि. गल्फै | ४ | ४ | ० | ८७ |
| २९ | श्री दुर्गेश्वरी आ.वि. थाम | ३ | ३ | १ | २४ |
| ३० | श्री भगवती आ.वि. चेटेगडा | २ | २ | ० | ११ |
| ३१ | श्री उलेनी आ.वि. उलेनी | ३ | ३ | १ | १७ |
| ३२ | श्री भुमिराज आ.वि. मलेरा | २ | २ | ० | १४५ |
| ३३ | श्री हुनैनाथ मा.वि. बाज | ५ | ५ | २ | २३ |
| ३४ | श्री टोपीनाथ आ.वि. दह | १ | १ | ० | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | श्री लटीनाथ आ.वि. थालिगाड | ४ | ४ | १ | ४५ |
| ३६ | श्री सरस्वती आ.वि. मुल्ला | २ | २ | १ | ३३ |
| ३७ | श्री छत्रातिंकरी कन्या मा.वि. खलंगा | ६ | ६ | ५ | २५८ |
| ३८ | श्री ब्रह्ममैकाश्वरी आ.वि. पण्डोरा | ३ | ३ | १ | १८ |
| ३९ | श्री मालिकार्जुन आ.वि. कोलधार | २ | २ | ० | ४ |
| ४० | श्री मालिकार्जुन आ.वि. पलेटा | ३ | ३ | १ | २० |
| ४१ | श्री भवानी आ.वि. कोटधार | १ | १ | ० | १३ |
| ४२ | श्री समैजी आ.वि. मानाकोट | ० | ० | ० | १७ |
| जम्मा | | २२१ | २२० | ५३ | ४९९७ |

विद्यार्थी संख्या न्यून भएको विद्यालय शिक्षक दरबन्दी मिलान गर्ने वा विद्यालय मर्ज गर्नेतर्फ अग्रसर हुनुपर्दछ।

**६६ शिक्षकहरुको तलब बैंकमार्फत भुक्तानी**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा विद्यालयले शिक्षकहरूको तलब बैंक मार्फत भुक्तानी तथा शिक्षकहरूलाई मासिक रुपमा तलब भुक्तानी गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले चौमासिकको अनुदान निकासा दिदाँ अघिल्लो चौमासिकको तलब बैकमार्फत शिक्षकहरूलाई भुक्तानी गरेको प्रमाण वेगर नै निकासा दिने गरेको देखियो । तसर्थ कार्यालयले अनुदान दिएको बमोजिमको शिक्षक राखे नराखेको, राखेको शिक्षकलाई समयमा भुक्तानी दिए नदिएको तथा भुक्तानी दिदाँ अघिल्लो निकासामा बढी भएको रकम मिलान हुने गरी शिक्षकलाई भुक्तानी भएको प्रमाणको आधारमा मात्र गर्नुपर्दछ ।

**६७ स्वास्थ्य चौकी भवन निर्माण, काँटे**

ठेक्का नं 11-MMDARCHULA-NCB-COHP-079-80 को २०८०।०२।१४ मा निर्माण व्यवसायी श्री उमेश निर्माण सेवा सँग २०८१।३।५ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु.४००८५३१ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको तथा रु. २६२५७४८(मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई प्रथम रनिङ विलसम्म रु 1534748।००(मु.अ.कर र प्रोभिजनल सम बाहेक) को कार्य भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

६७.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने अन्यथा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्न सक्नेर पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ। नियममा भएको व्यवस्थाबमोजिम म्याद थपको निवेदनऔचित्यपूर्ण कारण सहित नआई वर्षातको मौसममा यस क्षेत्रमा पुर्वानुमान गर्न सकिने वर्षाद तथा पहिरोको कारण जनाई निर्धारित अवधिपछि बिना कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरीप्राप्त भएको देखिन्छ। तसर्थ सम्झौता बमोजिम २०८०।०३।१५ भित्र कार्यसम्पन्न नगरेकोले समयमा कार्यसम्पन्न गराउनुपर्ने तथा नियम १२०(३)बमोजिम निर्माण व्यवसायीबाट २०८१।०३।३१ सम्म गुज्रेको म्याद ३८० दिनको नियमानुसार प्रति दिनको ०.०५% का दरले वा अधिकतम सम्झौता रकम २६३१९२२। को १० प्रतिशतले हुन आउने क्षतिपूर्ति रकम लिई म्याद थप गर्नुपर्नेमा सो बमोजिमको म्याद थप कार्यपालिकाबाट भएको देखिएन ।

६७.२ **कार्यमा ढिलाईः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनुपर्दछ। लेखापरीक्षणको अवधी २०८१।६।५ गतेसम्म यस आयोजनाको शुरु सम्झौता अवधि समाप्त भएको १ वर्ष वितिसक्दा सम्म पहिलो रनिङ्ग बीलसम्म रु १५३४७७८। बराबरको काम मात्र भएको देखिन्छ। तसर्थ कार्यालयले निर्माण व्यवसायीको कारणले भएको

ढिला कार्यलाई नियन्त्रण गरी अविलम्ब कार्य सम्पन्न गराउन तथा सार्वजनिक खर्चमा प्रभावकारीता तथा मितव्ययीता कायम गर्न कानुन बमोजिम आवश्यक कदम चाल्नुपर्दछ।

६८ **प्रारम्भिक बालविकास सहजकर्ता**

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शन पुस्तिका, २०६७ को बुँदा २ मा एउटा विद्यालयमा पूर्व प्राथमिक कक्षामा भर्ना भएका विद्यार्थी संख्या २५ जनासम्म भएमा १ जना तालिम प्राप्त बालविकास सहजकर्ता व्यवस्थापन हुने व्यवस्था उल्लेख छ । त्यस्तै सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ को दफा ८(४) मा गाभिन जाने विद्यालयमा कार्यरत बालविकास सहजकर्ता गाभिएर जाने विद्यालयमा सरुवा गरिने तर गाभिएर जाने विद्यालयमा बालविकास सहजकर्ता आवश्यक नभएकमा स्वतः हटाईने भन्ने व्यवस्था रहेको छ । पालिकाले कार्यविधि बमोजिम समायोजन गरेको विद्यालयमा पूर्व प्राथमिक कक्षामा निम्नानुसार बालबालिकाको संख्या रहेकोमा आवश्यक नभएको बालविकास सहजकर्ता नहटाई नियमित तलब निकासा दिएको छ । यसरी कार्यविधि विपरित निरन्तर राखेर भुक्तानी दिएको अनियमित देखिएको रु.

| विद्यालयको नाम | कर्मचारीको प्रकार | बालबालिका संख्या सत्यापन अनुसार | सहजकर्ता संख्या | आवश्यक सहजकर्ता संख्या | बालबालिका संख्या अनुसार बढी संख्य | तलब निकासा दर | जम्मा (चाडपर्व र पोशाक समेत) |
|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय मावि, दत्तु | बालबिकास सहजकर्ता | १० | २ | १ | १ | १०००० | १४०००० |
| मोतिमहिलासँग आवि तिंकर | बालविकास सहजकर्ता | ७४ | ४ | ३ | १ | १०००० | १४०००० |
| | जम्मा | | | | | | २८०००० |
| | | | | | | अनियमित भएको | २,८०,००० |

६९ **नगर शिक्षक**

महाकाली नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा निजी श्रोतबाट सहजकर्ता शिक्षकहरु कार्यपालिकाबाट दरबन्दी स्वीकृत गरी नियुक्त गरेकोका दरबन्दी भन्दा बढी शिक्षकराखी भुक्तानी गरेको देखियो ।

| विद्यालयको नाम | स्विकृत दरबन्दी | नियुक्त शिक्षक | दरबन्दी भन्दा बढी | तलब भत्ता | दरबन्दी भन्दा शिक्षकको भुक्तानी रकम |
|---|---|---|---|---|---|
| श्री महेन्द्र नमूना मा वि खलंगा | १२ | १५ | ३ | २८००० | ८४००० |
| श्री गडीभवन मा वि थाप्ला | २ | ४ | २ | २८००० | ५६००० |
| | | | | | १४००००।०० |

७० **शिक्षकहरुको तलबी प्रतिवेदन**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८ को दफा २ मा कार्यालयले स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट समयमा पारित गराई अनुदान दिने उल्लेख छ । माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षकको तलव भत्ता रू. ३ करोड ४८ लाख २० हजार र आधारभूत तहका स्वीकृत शिक्षकको तलव भत्ता रु १२ करोड ७० लाख ४४ हजार समेत रू. १६ करोड १८ लाख ६४ हजार भुक्तानी भएको छ । पालिकाले निर्देशिकामा भएको व्यवस्था बमोजिम तलबी प्रतिवेदन समयमा पारित गराई मात्र शिक्षकको तलब भत्ता अनुदान भुक्तानी गर्नुपर्दछ ।

७१ **बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **५०,७९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७२ **समानिकरण अनुदानबाट शिक्षकको तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. २७१८०००।- तलब भत्ता भुक्तानी गरेको छ ।

७३ **पुस्तकालय तथा ICT अनुदान**

**ICT अनुदानः** कार्यक्रम कार्यान्विय पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ९.५ मा विद्यालयलाई ICT ल्याब व्यवस्थापनको लागि अनुदान रकम उपलब्ध गराउदा इन्टरनेट पहुँच भएको र नियमित विद्युत आपूर्ति भएको विद्यालयको विवरण तयार गरी विद्यालयले कम्प्युटर ऐच्छिक विषयको रुपमा अध्यापन गराएका एवं शिक्षकको ICT को माध्यमबाट शिक्षण गर्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्तावना माग गर्ने र पेश भएको प्रस्तावनाको आधारमा अनुदान उपलब्ध गराउने, पालिका भित्रका माध्यमिक विद्यालयलेहरूले एक पटक यस्तो अनुदान प्राप्त गरिसकेको भए उच्च विद्यार्थी संख्या भएको आधारभूत विद्यालयलाई अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले नियमित विद्युत आपूर्ति हुने र इन्टरनेटको पहुँच भएको तथा ICT को माध्यमबाट शिक्षण गर्ने शिक्षक क्षमता र तत्परता खुल्ने प्रस्तावना बेगर ICT अनुदानको लागि मालिकार्जुन आवि पौनेखोला छनोट गरेको देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार २०७६।७७ देखि हालसम्म ५ वटा माध्यमि विद्यालयहरूले ICT अनुदान प्राप्त गर्न बाँकी रहेको देखिन्छ । कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था बमोजिम माध्यमिक विद्यालयलाई अनुदान उपलब्ध नगराई आधारभूत विद्यालयलाई अनुदान वितरण गरेको देखिएकोले विद्यालयलाई दिइने अनुदान निष्पक्ष भएको यकिन हुन सकिएन।

**विज्ञान प्रयोगशाला अनुदानः** कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ९.६ मा स्थानीय तहमा ११-१२ कक्षामा जीव विज्ञान, भौतिक विज्ञान र रसायन विज्ञान अध्यापन हुने विद्यालयलाई विद्यार्थी संख्या र विद्यालय ज्येष्ठताको आधारमा नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिकाको अनुसूचीमा उल्लेख भएको मापदण्डको आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने गरी विद्यालयले पेश गरेको प्रस्तावनाको आधारमा विद्यालय छनोट गर्ने र सोबमोजिम कार्य सम्पादन भए नभएको यकिन गरी अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ । पालिकाले पेश भएको प्रस्तावनाको आधारमा मालिकार्जुन नमुना मावि धाप र महेन्द्र नमुना मावि खलंगालाई ६ लाख ५० हजारको दरमा अनुदान उपलब्ध गराएको छ । अनुदान उपलब्ध गराउदा कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भए अनुसार अनुदान प्राप्त रकम खर्च गर्ने आर्थिक प्रस्ताव पेश भएको छैन् । यसरी आर्थिक प्रस्ताव स्पष्ट नभई अनुदान उपलब्ध गराउदा अनुदान रकमको सही सदुपयोग नहुने हुँदा यसमा सुधार हुनुपर्दछ ।

७४ **शिक्षण सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । आपूर्ति हुने औषधि वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, व्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै

विवरण खुलाउनुपर्दछ । तर स्थानीय तहहरूले २३ लाख ७१ हजार औषधिमा भएको खर्च मध्ये रु. १६ लाख ५७ हजारका औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधि एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन ।
- औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।
- पालिकाले आयात गरेको औषधिको स्पेसिफिकेसन अनुसार दाखिला गरेको तथा ईन्सफेक्सन समेत नगरी बुझेकोले तोकेको गुणस्तरका औषधि आए नआएको नखुलेको।
- खरिद गरिएको औषधिमा निःशुल्क वितरणको लागि उल्लेख नभएको
- केही औषधिहरूको भौतिक परीक्षण गर्दा ५ महिना मात्र म्याद भएका औषधि पनि खरिद गरेको र अन्य निकायबाट प्राप्त भएको औषधिको अभिलेख समेत व्यवस्थित गरी राखेको देखिएन ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

### ७६ स्वास्थ्य शिविर

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### ७७ नर्सरी निर्माण तथा व्यवस्थापन

गो.भौ.नं. ८२१।२०८१।३।१६ बाट पालिकाले आलु तरकारी प्रविधि विस्तार कार्यक्रमका लागि ५० प्रतिशत अनुदानमा आलु वीउ तथा युरिया वितरण गरेको सन्दर्भमा देखिएको व्यहोराहरू देहाय अनुसार छन् ।

७७.१ (८२१-२०८१-३-१९):

युरिया मलः पालिकाले २००० केजी आलुका लागि ४०० केजी युरिया वितरण गरेको देखिन्छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सूचना तथा प्रशिक्षण केन्द्रको कृषि डायरी २०८० अनुसार १ केजी आलुको वीउका लागि ०.०७ केजी युरिया लाग्ने देखिएकोमा २००० केजी आलुका लागि १४० के जी युरिया मल वितरण हुनुपर्नेमा बढी वितरण भएको २६० केजीको रु. ५० प्रति केजीको दरले रु. १२५०० मध्ये पालिकाले व्यहोरेको ५० प्रतिशत रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,२५० |

७७.२ मापदण्ड र कार्यविधिः पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरूमा केन्द्रित भई योजना कार्यान्वयन गर्नु पर्दछ साथै पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता र अनुदान वितरण गर्नुपर्नेमा स्पष्ट कार्यविधि वेगर वडा नं. ७ का २७ जना किसानलाई वीउ तथा मल वितरण गरेको रकम अनियमित रु.

| अनियमित भएको | ८०,००० |
|---|---|

७८ **बीमा**

सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैंयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमका तोकिएको कुराको बीमा गराउनुपर्ने उल्लेख छ। बि.ओ.क्यु. मा विमाको आइटम उल्लेख गरे पनि निर्माण व्यवसायीले तोकिए अनुसारको बीमा गराएको देखिएन । वीमा नगराई रनिङ बील भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाई नियममा भएको व्यवस्था बमोजिम संभावित जोखिम कम हुने गरी अविलम्ब बीमा गराउनुपर्दछ ।

७९ **सम्झौता भन्दा फरक कार्यको भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्ल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ।डि.पि. आर. प्रतिवेदन भन्दा फरक ड्रङ्ग र लागत अनुमान बनाई लागत अनुमान र सम्झौताभन्दा फरक लम्बाई,चौडाइ र उच्चाईमा गरेको कार्यको प्राविधिक नापँजाचँ गर्ने प्राविधिक लाई दफा ५क(२) बमोजिम तथा भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई सम्झौताबमोजिम कार्यसम्पन्न छिटो सम्पन्न गराउनेतर्फ ध्यान दिई सम्झौता बमोजिमकार्य गराउनुपर्दछ।तसर्थ नियममा भएको व्यवस्था बमोजिम कार्यमा परिवर्तनको कारणसहित भेरिएसन वेगर सम्झौताभन्दा फरक कार्यको भुक्तानी दिएको कानुनसंम्मत देखिएन।

| **ड्रोङ्ग तथा सम्झौता बमोजिम गर्नुपर्ने कार्य** | **नापी किताब अनुसार योजना स्थलमा भएको काम** | **योजनाको नाम** | **यस वर्षको भुक्तानी रकम** |
|---|---|---|---|
| Earthwork in Excavation –Length=3370 m Average Breadth =1.51 m, RRM Stone Masonry Work =33.75 Cum , Plum Concrete Work= 150m Drain | Earthwork in Excavation –Length=3370 m Breadth =1.513 m<br>RRM Stone Masonry Work =33.7 Cum , Plum Concrete Work= 130 m Drain | श्री बगड मलेरा सडक निर्माण योजना | १४३२११७। |
| Earthwork in Excavation=9375m<br>Breadth=0.78 m ,Stone Solling for Drain=100m | Earthwork in Excavation=9375m<br>Breadth=0.78 m ,Stone Solling for Drain=140m | काँटे बाज जायझुल सडक निर्माण | ३०१५९०८। |
| Gabion Work=668 Cum | Gabion Work=575.5 Cum | डडया कटाल थामु धौकोट सडक | २४७४४०२। |
| | | | **६९२२४२७** |

८० **बढी भुक्तानी** (१११-२०८०-१०-१५):

सार्वजिनक खरिद नियमावली, २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । मल्ला गल्फै खानेपानी आयोजना निर्माण कार्यको लागि भूमिराज टोल विकास संस्थालाई सम्झौता अनुसारको रू. ३६८०२७।– भुक्तानी गरेको छ । पाइप लाइनको लागि ८०० मिटर ट्रेन्च खन्ने कार्यको नापी अनुसार चौडाइ ०.७५ मी. र गहिराई ०.८ मिटर कायम गरी मूल्याङ्कन गरेको पाइयो । स्वीकृत नर्म्स अनुसार पाइप लाइनको लागि ट्रेन्च खन्ने कार्यको चौडाई अधिकतम् ०.४५ र गहिराई ०.९ हुनेमा चौडाइ बढी देखाई कुल खनेको परिमाण ४८० घनमिटरको रू. ५८१।– को दरले रू. २७८८८०।– भुक्तानी गरेको छ । नर्म्स अनुसार चौडाइ ०.४५ मिटर कायम गर्दा २८८ घनमिटर मात्र हुनेमा १९२ घनमिटरको रू. ५८१।– को दरले रू. १११५५२।– बढी भुक्तानी गरेको असुल गर्नु पर्ने रू.

| असुल गर्नुपर्ने | १,११,५५२ |
|---|---|

८१ **पेश्की फर्स्यौट**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) बमोजिम रू. २३४३४९६।– भएको मेनरोडदेखि लेकसाइड सडक निर्माण कार्य उपभोक्ता समितिबाट निर्माणको लगि २०७८।३।२० सम्पन्न गर्ने गरी २०७८।२।२० मा सम्झौता गरी रू. ५ लाख पेश्की दिएकोमा छ । पालिकाबाट रू. १९ लाख विनियोजन भएको सडक निर्माण कार्य उपभोक्ता समितिले तोकिएको समयमा रू. ५४९४०५।– को मात्र कार्य गरेको मूल्यांकन गरेको छ । सो मूल्यांकनको आधारमा उपभोक्ता समितिले लिएको रू. ५ लाख पेश्की २०८१।२।७ मा फर्स्यौट गरेको पाइयो । सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाउनु पर्दछ ।

८२ **बोलपत्र सम्बन्धी कागजात (Standard bid document)**

सार्वजनिक खरिद नियमावलीको नियम ३७ मा बोलपत्र सम्बन्धी कागजातमा ऐनको दफा १३ मा उल्लेखित कुरा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको अन्य कुराहरुहुने तथा नियम २४ मा कुनै खरिद सम्झौता सम्बन्धमा आवश्यक शर्तहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी बमोजिम हुनेउल्लेख छ । कार्यालय सार्वजनिक निकायले खरिद प्रक्रिया बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत गर्दा उक्तफारम प्रयोग गरेकोमा जि.सि.सि. बमोजिम एस्.सि.सि. मा अनिवार्य रुपमा तोक्नुपर्ने कार्यतालिका, एजबिल्ट ड्रोइङ्ग र विमासम्बन्ध शर्त राखेकोदेखिएन। यसकारण निर्माणव्यवसायीहरु जि.सि.सि. मा भएको शर्तहरु पुरा गर्न बाध्य भएको देखिएन। तसर्थ कार्यालय बोलपत्रसम्बन्धी कागजात तयारीमा जिम्मेवार हुनुपर्दछ

८३ **क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावलीको नियम १२०मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने अन्यथा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्न सक्नेर पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ। नियममा भएको व्यवस्थाबमोजिम म्याद थपको निवेदन निर्धारित अवधिमा कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरीप्राप्त नभएको देखिन्छ। निम्न निर्माण व्यवसायीहरुले सम्झौताबमोजिम कार्यसम्पन्न तोकिएको समयमा कार्यसम्पन्न नगरेकोले नियम १२०(३)बमोजिम निर्माण व्यवसायीबाट गुज्रेको म्याद अधिकतम २०० दिनको नियमानुसार प्रति दिनको ०.०५% का दरले क्षतिपूर्ति असुल गरी नियम १२०(११)मा सो अवधिमा समेत कार्य सम्पन्न नहुने खरिद सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गरी कार्यसम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी जफत गरी त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी निजलाई प्रचलित कानुनबमोजिम कारवाही गर्नुपर्नेमा कार्यपालिकाबाट सो बमोजिम म्याद थप भएको देखिएन ।

| निर्माण व्यवसायीको नाम | कार्य | क्षतिपूर्ति तिर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|
| महादेव निर्माण सेवा | श्री वगड मलेरा सडक | ४६६४६। | सार्वजनिक खरीद नियमावली (बाह्रौ) संशोधनमा नियम १२०(क) अनुसार समयमा कार्यसम्पन्न हुन नसक्ने वा नसकेका ठेक्काको म्याद थपका लागि २१ दिनभित्र संशोधित कार्यतालिकासहित सम्झौताको अवधि थपका निवेदन दिनुपर्ने कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी निवेदन नदिएकोले ०८१।१।३० मा कार्यसम्पन्न नगरेकोले ढिला अवधि ६४ दिनको सम्झौता रकम रु १४५७७०२। को ०.०५ प्रतिशतका दरले रु ४६६४६। |
| श्री दर्शन निर्माण सेवा | दत्तु थाप्ला सडक | २८३२७। | ऐ.ऐ. , निवेदन प्राप्त नभएको, म्याद २०८१।३।१६ मा सकेकोले २०८१।३।३१ सम्म १६ दिनको सम्झौता रकम रु ३५४०९४२। को ०.०५ प्रतिशतको दरले रु २८३२७। |
| श्री दर्शन निर्माण सेवा | निसिल जेवलधार सडक | ८८४१३२ | ऐ.ऐ. , निवेदन प्राप्त नभएको, म्याद २०८१।३।१८ मा सकेकोले २०८१।३।३१ सम्म २०० दिनभन्दा बढी म्याद गुज्रकोले सम्झौता रकम रु ८८४१३२२। को १० प्रतिशतको दरले रु ८८४१३२। |
| **जम्मा** | | **९५९१०५।** | |

८४ **बढी दरमा भुक्तानी** (१०६-२०८०-१०-९):

सडक विभागको स्वीकृत नर्म्सको 9.1I Bअनुसार ३६० घन मिटर कटिङको लागि लाग्ने दक्ष्य १ जना र अदक्ष्य ३ जनाको दर समेत समावेश गरी जिल्ला दररेट अनुसार प्रतिघण्टाको दरमा जेसिवी भाडा समावेश गरी प्रतिघनमिटर रू. ८३.८४ कायम गरेको छ । सडक मर्मत तथा स्तरोन्ति कार्यमा दक्ष कामदार एक र अदक्ष कामदार ३ आवश्यक नपर्ने हुँदा उक्त खर्च घटाउँदा ओभरहेड समेत प्रति घनमिटर खन्ने कार्यको लागि रू. ७१.६६ हुनेमा दार्चुला डल्लेख सडक मर्मत कार्यको लागि जगन्नाथ आर.वि. कन्ट्रक्सनलाई बढी दर कायम गरी सडक मर्मत तथा स्तरोन्ति मू.अ.कर समेत ८८१९.१ घनमिटरको रु ९२.६६ दरले रू. ८१७१७७.८० को वील पेश भएकोमा रू. ८ लाख भुक्तानी गरेको छ । दर विश्लेषणमा ज्यामी ज्याला र ओभरहेड समेत थप गरी रू. ८५८६६।- बढी भुक्तानी थप व्ययभार पारेको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,८६६ |

८५ **प्रकोप उद्धार सामग्री र त्रिपाल खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले नगरपालिका चालु तर्फको विभिन्न भौचरहरूबाट विभिन्न समयमा त्रिपाल तथा प्रकोप उद्धार सामग्री खरिद गरेकोमा खरिद गरिएका त्रिपालहरूको स्पेशिफिकेशन नखुल्ने तथा कति त्रिपाल कहाँ वितरण भई कति मौज्दात रहेको छ भन्ने कुनै विवरण नरहेको देखिन्छ । गत विगत आ.व. देखिकै वितरणको भरपाई पेश गरेको कारण यस आ.व. मा खरिद भएको त्रिपाल वितरण भए नभएको यकिन हुन नसकेकोले प्रमाण पेश गर्ने रु

| गो.भौ.नं.. मिति | सामग्री | स्पेशिफिकेशन | मूल्य | कैफियत |
|---|---|---|---|---|
| २९।२०८०।६।२९ | त्रिपाल ४० थान रु २९३८ को दरले | नखुल्ने | ११७५२० | पालिकोको स्टोर निरीक्षण गर्दा ४५ थान त्रिपाल मौज्दात रहेको देखियो। |
| ७५९।२०८१।३।४ | त्रिपाल ठूलो ७० थान<br>त्रिपाल सानो ८० थान | नखुल्ने | २७७९८० | |
| ८२५।२०८१।३।१७ | झटपट व्याग १० थान | नखुल्ने | ३६००१८ | स्टोर निरीक्षण गर्दा सो सामग्री वितरण भएको देखिएन |

यस आ.व. मा खरिद गरिएको त्रिपाल तथा अन्य सामग्री बितरणको भर्पाई यकिन हुन सकेन । पालिकाले उक्त त्रिपालहरू मध्ये केही त्रिपाल तथा अन्य विपद सामग्रीहरू मौज्दातमै रहेको जनाएको छ । खरिद गरेको करिब एक वर्षसम्म मौज्दात रहने गरी खरिद गर्नु उचित

देखिएन । उक्त सामग्रीहरूको समयमै सही सदुपयोग हुनुपर्दछ ।

| प्रमाण पेश नगरेको | १,१७,५२० |
|---|---|

८६ **ट्रेन्च खनेको भन्दा बढी पाइप**

पालिकाले विभिन्न खानेपानी आयोजनाको पाइप लाइनको लागि ट्रेन्च खन्ने तथा लेइग रज्वाइन्टिग कार्यको भुक्तानी दिने गरेकोमा केही खा.पा. आयोजनाको ट्रेन्चको लम्वाई भन्दा बढी पाइप खरिद गरी रकम भुक्तानी गरेको पाइयो । सामान्यतया खनिएको ट्रेन्चको लम्वाई अनुसारकै पाइप खरिद, लेइग र ज्वाइन्टिग परिमाण हुनुपर्नेमा यस वर्ष लेखापरीक्षणका लागि छनोट गरिएका मध्ये तपसिलका आयोजनामा ट्रेन्चको लम्बाइ भन्दा वढी पाइप लेइङ तथा खरिद गरेको नापी तथा कायसम्पन्न प्रतिवेदन पेश गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको पाइयो । ट्रेन्च भन्दा बढी पाइप खरिद गरेको देखिन्छ । खरिद भएको पाइपको सदुपयोगको सम्बन्धमा पालिकाबाट अनुगमान हुनु पर्दछ ।

| भौ.नं.मिति | योजनाको नाम | भुक्तानी पाउने | पाइपको लम्बाई | ट्रेन्चको लम्बाई | बढी पाइप | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २४२-२०८१।२।७ | मूल मर्मत तथा सिंचाई | बुढीचौरा टोल विकास संस्था | ९५० मि. | ५०० मि. | ५० | ३७१.६८ | १८५८४ |
| | | | | | ४०० | ७०.८० | २८३२० |
| २९७-२०८१।३।१६ | हाटबजार खानेपानी निर्माण योजना | उपभोक्ता समिति | २६७३ मि. | ९०० | ९०० | ९८.७० | ८८८२७ |

८७ **निर्माण कार्य र अभिलेख**

८७.१ **कन्टिजेन्सी अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र खर्चगर्दा वर्क चार्ज र स्टाफ खर्चमा २ प्रतिशत र अन्य साना तिना खर्च २ प्रतिशत खर्चगर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविध स्वीकृत गराईगर्नुपर्दछ।कटेन्जेन्सी रकम योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक आयोजनाको खर्च (मु.अ.करबाहेक) बाट छुटयाउनुपर्ने र कार्यक्रम स्वीकृतगरी वर्क स्टाफ चार्जमा २ प्रतिशत र अन्य सानातिना कार्यमा २ प्रतिशतको सीमा भित्र आवश्यकता अनुसार कन्टिजेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो राख्ने गरेको छैन। यसकारण कटेन्जेन्सी खर्च नियमानुसार खर्च भएको यकिन गर्न विश्वस्त आधार देखिएन। तसर्थ, नियमानुसार कन्टिजेन्सी खर्चको अभिलेख राखी कन्टिजेन्सी खर्च मितव्ययी तथा प्रभावकारी तवरले खर्च गर्नुपर्दछ।

| सोधभर्ना नलिएको |
|---|

८७.२ **निर्माणसम्बन्धी नयाँ सरकारी लेखा फारामः** सरकारी लेखा निर्देशिका, २०७३ बमोजिम सार्वजनिक निर्माणको लेखा राख्ने जिम्मेवारी आर्थिक प्रशासन शाखा प्रमुख हुने र सार्वजनिक निर्माणको लेखाको प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टाछट्टै लागत अनुमान, कार्य अभिलेख खाता, आइटमवाईज कार्य अभिलेख खाता, ठेक्केदारको व्यक्तिगत खाता, नापी किताब नियन्त्रण अभिलेख, डोर हाजिरी नियन्त्रण किताब, लगायतका अनुसुची तथा स्वीकृत म.ले.प.फारमहरु प्रयोग गरी अभिलेख राख्नुपर्दछ। कार्यालयले यस वर्ष समेत निर्माण सम्बन्धी नयाँ म.ले.प.फा.नं. ५०० देखि ५१४ सम्म फारामहरु प्रयोग गरेको पाइएन। यसबाट तोकिएका विवरणहरु तोकिएको ढाचाँमा प्राप्त नहुने तथा तोकिएको अभिलेख नराख्दा दोहोरो रुपमा सार्वजनिक निर्माण कार्य नभएको तथा आर्थिक अनुशासन र पारदर्शिता कायम भएको यकिन गर्न सकिने देखिएन।

८७.३ **कन्टिन्जेन्सी खर्चको अभिलेख:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०८०/८१ मा कन्टिन्जेन्सी बापत रू. २८ लाख ३२ हजार कट्टी गरेको छ

। उक्त रकम मध्ये रू. १८ लाख ३३ हजार खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

८७.४ **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रोइङ्ग, डिजाइन स्स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने तथा उपनियम (२क) मा उपनियम (२) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उपनियम (१क) बमोजिमको अभिलेख समेत संलग्न गर्नुपर्ने उल्लेख छ।पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुर्याई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन बनाउने गरेको छैन।यसबाट निर्माण व्यवसायीको त्रुटी सच्याउने दायित्वबाट पन्छिन पाउने तथा त्रुटिसम्बन्धि अभिलेख नहुनुको साथै निर्माण कार्य दीर्घकालिन, गुणस्तरयुक्त तथा स्वीकृत ड्रोइङ्ग, डिजाइन स्स्पेसिफिकेशन बमोजिम नहुने देखिन्छ। तसर्थ पालिकाले नियममा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

८७.५ **ठेक्का अभिलेखः** महालेखा नियन्त्रक कार्यालयले चालु तथा सम्झौता गरिएका ठेक्काहरुको गोश्वारा लगत राख्न अर्थाथ ठेक्काको समष्टिगत अभिलेख राख्न म.ले.प.फा.नं. ५०७ को व्यबस्था गरेको छ। कार्यालयले सो फाराममा सबै व्यहोरा खुलाई ठेक्काको अभिलेख राखेको पाइएन। यस्तो अबस्थामा ठेक्का अनुसार के कति काम भई भुक्तानी भएको छ, जमानतहरुको अबधि तोकिए अनुसार बहाल रहेको छ छैन भन्ने व्यहोराका अतिरिक्त अन्य व्यहोरा समेत अनुगमन मुल्याङ्कन तथा लेखापरीक्षण गर्न समेत सहज हुनेमा सो ढाँचामा अभिलेख अद्याबधिक गरी राखेको पाइएन।

८७.६ **नापी किताब र नापी किताब नियन्त्रण खाताः**लेखा निर्देशिका २०७३ मा कार्यालयले ठेक्का वा अमानत वा अन्य प्रकृयाबाट के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्बन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी किताबमा अभिलेख राखी सम्पत्ति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्दछ । यो किताब लुज सिटमा नराखी सुरुमा नापी नं. प्रत्येक आर्थिक वर्षका लागि क्रम सङ्ख्या नं. १ बाट सुरु गरी सिलसिलेबार रूपमा राख्नपर्दछ । नापी किताबको मुल अभिलेख राख्न नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) प्रयोग गर्नुपर्दछ । नापी किताब मुद्रित हुना साथ यस खातामा दर्ता गरी सम्बन्धित प्राविधिकलाई नापी किताब दिदाँ यस अभिलेख खातामा चढाएरमात्र दिने गर्नुपर्दछ । कार्यालयले तोकिएको प्रक्रिया पुर्याइ नापी किताब तयार तथा नापी किताब नियन्त्रण खाता राखेको छैन । यसकारण गतविगतमा भई सकेको कार्य पुनः दोहोरिएको हुन सक्ने सम्भावना धेरै देखिन्छ ।

८७.७ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, निर्माण व्यवसायीबाट गरिने निर्माण कार्यको कतिपय लागत अनुमानमा निर्माण कार्यको परिमाण **BOQ** मा गुणस्तर परीक्षणको रकम समावेश नभएको र **BOQ** मा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको तथा उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

८८ **कार्यक्रम स्वीकृत बेगर खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम ३ मा बजेट मार्गदर्शन प्राप्त भएपछि प्रत्येक कार्यालयले आफ्नो कार्यालयको उद्देश्य अनुरुपको लक्ष्य निर्धारण गरी सोको आधारमा अनुसूची १ बमोजिमको ढाँचामा बार्षिक वजेट तथा कार्यक्रम निर्धारण गरी तालुक निकायमा पठाई स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्र रही कार्यक्रम कार्यान्वियन गर्नुपर्ने तथा

नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको यकीन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुँदा ३(४) मा विनियोजित रकम खर्च गर्दा सरकारी निकाय तथा जिम्मेवार व्यक्तिले मितव्ययी र गुणात्मक प्रतिफल प्राप्त हुने गरी खर्च गर्नु गराउनु पर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसारको निर्माण कार्यमा ठेक्का व्यवस्थापनबाट बचत रहेकोमा सोही योजनामा थप कार्य गर्न तालुक निकायवाट स्वीकृत नलिई तथा थप कामको लागि ठेक्का व्यवस्था नगरी बचत रकमवाट कोटेशनमार्फत कार्य गराई रु.३६०२७३१ खर्च लेखेको छ । यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

| कोटेशन विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स | गोभा नं | योजनाको नाम | लागत अनुमान | सम्झौता मिति | भुक्तानी रकम | फर्मको नाम/ पान | गरेको काम | कार्य समपन्न मिति |
| १ | १९२ | काटै बाजजायझुल सडक मेशिनरी वाल नि | ९९८७२९. | २०८०।११।२९ | ९२१२२३ | जय हुस्करकन्सट्रकसन ६१३५५९८९८ | मेशसनरीवाल निर्माण | २०८०।१२।१५ |
| २ | ३५८ | शिवनगर खेल मैदान मेशिनरी वाल निर्माण | ९९९२९६. | २०८१।३।६ | ९६४२३६ | जगन्नाथ आरबिकन्सट्रक्सन ६०९७३०६८७ | मेशसनरीवाल निर्माण | २०८१।३।२३ |
| ३ | ३५५ | निसिल जेबलधार पैनेखेला सडक वाल निर्माण | ४०००००. | २०८१।३।५ | २९४००० | टिडि बिल्डर्स६२०६०३७१५ | सडक वाल निर्माण | २०८१।३।५ |
| ४ | ४५ | शिवनगर खेल मैदान प्रवेशदार निर्माण | १००००००. | २०८१।३।६ | ९४९२८३ | हुनैनाथ निर्माण सेवा६०३६१६६३३ | खेल मैदान प्रवेशदारनिर्माण | २०८१।३।२३ |
| ५ | ५१ | पुरानो खेल मैदानको तारजालि तथा पोल व्यस्थापन | ५०००००. | २०८१।२।२८ | ४७३९८९ | पारस हिमाल निर्माणसेवा ३०५०९६०३८ | तार जालि तथा खानेपानिव्यस्थापन | २०८१।३।२० |
| जम्मा | | | | | ३६०२७३१। | | | |

८९ **भेरिएन आदेश्**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वियनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्‌ल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ। कार्यालयले ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदली लागत अनुमान भएको कार्य भन्दा फरक गर्नुको कारण र औचित्यसहित भेरिएसन आदेश स्वीकृत वेगर निम्न कार्यहरु गरेकोले भेरिएसन आदेश स्वीकृत भएको प्रमाण पेश हुनुपर्ने रु

| कार्यको विवरण | निर्माण व्यवसायीको नाम | शुरुको लागत अनुमानमा | | |
|---|---|---|---|---|
| | | बढेको कार्य | घटेको कार्य | खुद कार्य |
| काँटे बाज जायझुल सडक निर्माण | जय हुस्क कन्स्ट्रक्सन | ४८१० | (६०६२८) | (५५८१८) |
| शिव नगर खेल मैदान | जगन्नाथ आर.वि. कन्स्ट्रक्सन | ३६७९७ | (८६७५२) | (४९९५५) |
| श्री वगड मलेरा सडक | महादेव निर्माण सेवा | १५६८४ | (९७५२६) | (८१८४२) |
| श्री डाडया कटल थामु धौकोटी सडक | हरिकाला कन्स्ट्रक्सन | ५९६२ | (२८७८८९) | (२८१९२७) |
| शीत भण्डार गृह निर्माण | जगदम्बा निर्माण सेवा | 0 | (१२२८०४) | (१२२८०४) |
| निशिल जेवलदार पौनेखोला सडक | बम्म निर्माण सेवा | ३४९५ | (८६०२२) | (८२५२७) |
| | | | | |
| **जम्मा** | | | | **(६७४८७३)** |

| प्रमाण पेश नगरेको | ६,७४,८७३ |
|---|---|

## ९० सीमा भन्दा बढी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी रु. १० लाख भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी निम्नानुसार फर्मलाई रु. ६२४२३८८।- भुक्तानी गरेको छ । खरिद नियमावलीले तोकेको सिमाभन्दा बढी खरिद कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| भौचर नम्बर | फर्मको नाम | रकम |
|---|---|---|
| ९,५५,२९९,३३८,३१६,५१२, ५२३,६०१,७७५,८३१ | रतन फर्निचर उद्योग | १४८१५५८।- |
| २४ १२० १४९ १८० १८२ ११६ ६१३ ५७ ६५७ ६५८ २५० ७०३ ७९४ ३४५ ३४६ ८६५ ८९१ | लटिनाथ स्टेशनरी एण्ड अर्डर सप्लायर्स | ३२५०९०१।- |
| २९ ३० ४० ११२ ७५९ ८५२ ३६९ ३७१ | भूमिराज हार्डवेयर ईलेक्ट्रिक्स एण्ड सप्लायर्स | १५०९९२९ |

## ९१ कार्यसम्पादन जमानत

सार्वजनिक खरिद नियमावलीको नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि मालसामान आपूर्तिको हकमाप्रत्याभूति (वारेन्टी) को अवधि र निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (त्रुटी सच्याउने दायित्व)को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ। तर कार्यालयले निम्न निर्माणव्यवसायीहरुले समयमा कार्य सम्पन्न नगरेकोले कार्यसम्पादन जमानत अवधि बढाउनुपर्ने भएकोमा कार्यसम्पादन जमानतको म्याद बढाएको पाइएन।तसर्थ, कार्यालयले कानुनमा भएको व्यवस्था बमोजिम कार्यसम्पादन जमानतको म्याद थप भएको प्रमाण पेश गर्नुपर्दछ ।

| निर्माण व्यवसायी/आपूर्तिकर्ताको नाम | कार्य | कार्यसम्पादन जमानत रकम | कैफियत |
|---|---|---|---|
| श्री दर्शन निर्माण सेवा | दत्तु थाप्ला सडक | १५५६१००। | २०८१।३।१६ सम्म कार्यसम्पन्न गर्नुपर्नेमा सो अवधिभित्र कार्यसम्पन्न नगरेकोले म्याद बढाउनुपर्ने |
| श्री उमेश निर्माण एण्ड सप्लायर्स | स्वास्थ्य चौकी भवन निर्माण, काँटे | ५२००००। | २०८०।३।१५ सम्म कार्यसम्पन्न गर्नुपर्नेमा सो अवधिभित्र कार्यसम्पन्न नगरेकोले म्याद बढाउनुपर्ने |
| श्री सिप्रदी ट्रेडिङ्ग प्रा.लि. | मिनि हुपर डम्प टिपर | १७९५०००। | ६ वर्षको वारेन्टी अवधि पुग्ने समयको लागि जमानत नराखेको |
| श्री दर्शन निर्माण सेवा | निसिल जेवलधार सडक | १८५९६००। | २०८१।४।३० मा म्याद समाप्त भएकोमा म्याद थप नभएको |
| **जम्मा** | | **५७३०७००।** | |

९२ **बेसाहारा खाद्यान्न**

पालिकाले बेसहारा आमाबुवाको सहारा तथा टुहुरा बालबालिकाको अभिभावक नगर प्रमुख कार्यक्रम संचालन कार्यविधि, २०७८अनुसार ६० वर्ष नाघेका सहारा नभएका बेसहारा आमाबुबाहरू १९७ जनालाई चामल दाल तेल नुन लगायतका खाद्यान्नहरू बितरण गर्ने प्रयोजनको लागि ७ वटा भौचरबाट रु ४३,९३,८५२खाद्य सामग्री खरिदमा खर्च गरेको छ भने २ वटा भौचरहरूबाट खाद्यान्न सामग्री ढुवानी वापत रु २७४१४०।-भुक्तानी गरेको सन्दर्भमा देखिएका व्यहोराहरू देहाय अनुसार छन् ।

- बेसहारा आमाबुबाहरालई खाद्यान्न वितरण कार्यकम पूर्वनिर्धारित भएतापनि पालिकाले खरिद योजना बनाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ को प्रक्रिया अनुसार लागत अनुमान तयार गर्ने र बोलपत्र आव्हानको माध्यमद्वारा प्रतिस्पर्धात्मक रुपमा खरिद नगरी स्थानीय पसलहरूबाट सोझै खरिद गरेको पाइयो । यसरी कानूनद्वारा निर्धारित प्रक्रियाको पालना गरेको नदेखिएकोले खर्च मितव्ययी तथा पारदर्शी छ भनी आश्वस्त हुन सकिएन । कानुनको पालना गर्ने तर्फ पालिकाले ध्यान दिई खरिद प्रकृया प्रभावकारी बनाउनु पर्दछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३ को बुँदा ९(४) मा दोहोरो सुविधा लिएको जानकारी हुन आएमा नियमानुसारको सजाय हुने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा १९७ जना वेसहारा आमावुवालाई खाद्यान्न वितरण गरेको भन्ने विवरण पेश गरेकोमा सो मध्ये सामाजिक सुरक्षा भत्ता समेत प्राप्त गर्ने व्यक्तिको अभिलेख राखेको छैन । लेखापरीक्षणको क्रममा अभिलेख परीक्षण गर्दा वेसहारा खाद्यान्न अनुदान प्राप्त गरी रहेका १९७ जना मध्ये १२२ जना ७० वर्ष उमेर कटेको देखिन्छ । यसरी एकै व्यक्तिलाई दोहरोहुनेगरी अनुदान तथा सामाजिक सुरक्षा प्रदान गर्ने कार्य तत्काल बन्द हुनुपर्दछ ।
- पालिकाले कोटेशन गरी ठगुन्ना जनरल स्टोर्सलाई विभिन्न ७ वटा भौचरबाट रु ४३,९३,८५२।- भुक्तानी गरेकोमा पालिकाले उक्त स्टोर्सबाट कोटेशनमा उल्लेख गरे अनुसारको सामग्री प्राप्त भए नभएको सम्बन्धी कुनै प्रमाण पेश गरेको छैन । ४२९४ लिटर तोरीको तेलवापत रु. २९० को दरले भुक्तानी गरेकोमा लेखापरीक्षणको क्रममा उक्त सप्लायर्सबाट प्राप्त विल परीक्षण गर्दा ४२९४ लिटर भटमासको तेल रु २९० को दरले वितरण गरेको देखियो । पालिकाको आन्तरिक आय रू. ८६ लाख ७५ हजार मात्र रहेको अवस्थालाइ विचार गरी यस्ता वितरणमुखी कार्यक्रमलाई नियन्त्रण गर्नु पर्दछ ।

· ढुवानी खर्चः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १४८ मा दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा ढुवानी दर निर्धारण गर्नुपर्ने उल्लेख छ। तर पालिकाले सो बमोजिम ढुवानी खर्च निर्धारण नगरी सप्लायर्सबाट प्राप्त खाद्यान्न ढुवानी लोड तथा अनलोड गरेको भनी एकमुष्ट रकम रू. २३७२४०।- भुक्तानी गरेको छ । यसरी ढुवानी गर्दा लागत अनुमानको आधार नखुलाई एकमुष्ट रुपमा भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,३७,२४० |

९३ **एजविल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) तथा कार्यालयको स्वीकृत बोलपत्र फारमको जि.सि.सि. रएस्.सि.सि.मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीनिर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गरेमा मात्र अन्तिम बील भुक्तानी गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले यस वर्ष निर्माण सम्पन्न गरेको निम्न आयोजना निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन। तसर्थ कानुनी व्यवस्थाबमोजिम एजबिल्ट नक्सा पेश हुनु पर्दछ ।

| **निर्माण व्यवसायीको नाम** | **कार्य** | **रोक्का राख्नुपर्ने रकम** | **कैफियत** |
|---|---|---|---|
| जय हुस्कर कन्स्ट्रक्सन | काँटे बाज जायझुल सडक निर्माण | नखुलेको | कानुन बमोजिम एजबिल्ट नक्सा पेश नभई अन्तिम भुक्तानी दिएको |
| जगन्नाथ आर.वि. कन्स्ट्रक्सन | शिव नगर खेल मैदान | नखुलेको | ऐ. ऐ. |
| महादेव निर्माण सेवा | श्री वगड मलेरा सडक | नखुलेको | ऐ. ऐ. |
| हरिकला कन्स्ट्रक्सन | श्री डाडया कटल थामु धौकोटी सडक | नखुलेको | ऐ. ऐ. |
| जगदम्बा निर्माण सेवा | शीत भण्डार गृह निर्माण | नखुलेको | ऐ. ऐ. |
| बम निर्माण सेवा | निशिल जेवलदार पौनेखोला सडक | नखुलेको | ऐ. ऐ. |
| | | | |

९४ **ट्रेन्च खन्ने तथा लेइग र ज्वाइन्टिग कार्य**

कार्यालयले विभिन्न खानेपानी आयोजनाको पाइप लाइनको लागि ट्रेन्च खन्ने तथा लेइग र ज्वाइन्टिग कार्यको भुक्तानी दिने गरेकोमा केही खा.पा. आयोजनाको पाइपको लम्वाई भन्दा बढी पाइप लाइन खनेको रकम भुक्तानी गरेको पाइयो । सामान्यतया खनिएको ट्रेन्चको लम्वाई अनुसारकै पाइप लेइग र ज्वाइन्टिग परिमाण हुनुपर्नेमा यस वर्ष लेखापरीक्षणका लागि छनौट गरिएका मध्ये खट्टेबगड खापा मर्मत आयोजनामा पाइपको लम्बाइ भन्दा ट्रेन्चको लम्वाई बढी हुने गरी नापी गरेर भुक्तानी छ । गत विगतको पाइप प्रयोग भएको कारण ट्रेन्चको लम्बाई बढी भएको भन्ने रहेको छ । निर्माण कार्यको प्रत्येक आइटम नापीमा चढाइ वास्तविक मूल्यांकन हुनु पर्दछ ।

| भौ.नं.मिति | योजनाको नाम | भुक्तानी पाउने | पाइपको लम्बाई | ट्रेन्चको लम्बाई | खनेको बढी घ.मि. |
|---|---|---|---|---|---|
| ३४७-२०८१।३।२२ | खट्टेबगड खापा मर्मत | खट्टे बगड टोल विकास संस्था | ७०० मि. | १६१५ मि. | १४६.४ |

९५ **कोटेशनबाट कार्य**

आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन २०७६ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतकोउच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचितगुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुँदा ३(४) मा विनियोजित रकम खर्च गर्दा सरकारी निकाय तथा जिम्मेवार व्यक्तिले मितव्ययी र गुणात्मक प्रतिफल प्राप्त हुने गरी खर्च गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले निम्नानुसारको निर्माण कार्यमा ठेक्का व्यवस्थापनबाट बचत रहेकोमा सोही योजनामा थप कार्य गर्न तालुक निकायवाट स्वीकृत नलिई तथा थप कामको लागि ठेक्का व्यवस्था नगरी बचत रकमवाट कोटेशनवाट कार्य गराई रु। खर्च लेखेको छ । कोटेशनवाट कार्य गराउँदा अनुसूचीमा उल्लेख भएका कार्यहरुको निर्माण व्यवसायीले कवोल गरेको दर भन्दा बढी दर पर्न गई बढी व्ययभार परेको रकम अनियमित देखिएको रु

| क्र.श | कामको विवरण | एकाई | कोटेशन बमोजिम | | | ठेक्का बमोजिम | | थप व्ययभार |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा | दर | जम्मा | |
| शिवनगर खेल मैदानको प्रवेशद्वार निर्माण | | | | | | | | |
| | Earthwork | M3 | १७।१२ | १४५ | २४८२ | ५० | ८५६ | १६२६ |
| | Stone soiling | | ९।०५ | २०४९ | १८५४३ | ८५० | ७६९२ | १०८५१ |
| | PCC 1:3:6 | | ०।८३ | १६१५० | १३४०४ | ६५०० | ५३९५ | ८००९ |
| | Formwork | | २४।६ | १४६० | ३५९१६ | २०० | ४९२० | ३०९९६ |
| | Reinforcement | | ९१५ | १८० | १६४७०० | १०५ | ९६०७५ | ६८६२५ |
| | PCC 1:2:4 | | ११।१९ | २१५२० | २४०८०८ | ७५०० | ८३९२५ | १५६८८३ |
| | M.S. iron Grill | | १३।५० | ७८०० | १०५३०० | ५५०० | ७४२५० | ३१०५० |
| | Plaster 1:4 | | ९ | ४७५ | ४२७५ | १७० | १५३० | २७४५ |
| | Two Coat Apex Paint | | ९ | ४०९ | ३६८१ | ५० | ४५० | ३२३१ |
| | Stone Masonry Wall | | २५।२० | ९९६० | २५०९९२ | ५००० | १२६००० | १२४९९२ |
| शिवनगर खेल मैदान मेशिनरी वाल कार्य | | | | | | | | |
| | Earthwork | | २०।४१ | १४५ | २९५९ | ५० | १०२० | १९३९ |
| | Stone soiling | | ३।०८ | २०४९ | ६३१० | ८५० | २६१८ | ३६९२ |
| | PCC 1:3:6 | | २।११ | १५९९७ | ३३७५३ | ६५०० | १३७१५ | २००३८ |
| | Stone Masonry Wall | | २४।९४ | ११९०५ | २९६९१० | ५००० | १२४७०० | १७२२१० |
| | PCC 1:2:4 | | ९।९७ | १६३४१।०२ | १६२९२० | ७५०० | ७४७७५ | ८८१४५ |
| | Reinforcement | | ५४५।५७ | १८२ | ९९२९४ | १०५ | ५७२८५ | ४२००९ |
| | Formwork | | १२।५ | ९५० | ११८७५ | २०० | २५०० | ९३७५ |
| काँटे बाज जायझुल सडक निर्माण | | | | | | | | |
| | Excavation | | २०।६३ | १२७।७७ | २६३६ | ४९ | १०१० | १६२६ |
| | Stone Soiling | | ६।१२ | ३०२९ | १८५३७ | ४९४ | ३०२३ | १५५१४ |
| | Stone Masonry | | ७१।२६ | ९९१० | ७०६१८६ | ३९५६ | २८१९०४ | ४२४२८२ |
| | | | | | | | | १२१७८४६। |

| | |
|---|---|
| अनियमित भएको | १२,१७,८४६ |

९६ **जिन्सी दाखिला तथा प्राविधिक स्पेशिफिकेशन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमारहेको वा खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहयता वा अन्यकुनै प्रकारले प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधि लगत तयारगर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम

उल्लेख गर्नु गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ। तर कार्यालयले श्री जय जगन्नाथ निर्माण सेवासँग खरिद गरेको रु ९५१९१२। को सोलार प्यानल तथा अन्य सामानहरुकोप्राविधिक स्पेसिफिकेशन र गुणस्तर तोकि लागत अनुमान तयार नगरी सोझै खरिद गरिएकोमा सो सामानहरु गुणस्तर भए/नभएको यकिन हुने गरी तोकिएको तथा आवश्यक स्फेसिफिकेशनबमोजिम प्राप्त भएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। यसकारण प्राप्त सामान तोकिएबमोजिमको स्फेसिफिकेशनअनुसार प्राप्त भए नभएको यकिन गर्न विश्वस्त आधार देखिएन ।

९७ **मु.अ. कर विजक** (४९-२०८०-८-१३):

४९-२०८०।८।१३ मूल्य अभिवृद्धि कर बिजकः– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची–५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । नीति कार्यक्रम तथा बजेट पुस्तिका छपाइ वापत क्राउन पइन्ट प्रिन्टिङ हाउस (पान नं. ३०४२७२६८६) ले जारी गरेको फोटोकपी विजकको आधारमा मू.अ.कर रू. १०९२९.२३ समेत रू. ९५०००।- भुक्तानी गरेको पाइयो । नियमानुसारको कर विजक पेश नभएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,९२९.२३ |

९८ **सम्झौता भन्दा बढी कार्यको भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१३,२०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९९ **सडक बत्ति जडान** (८१-२०८०-९-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । महाकाली नगरपालिका नगरक्षेत्र भित्र श्रीवगड देखि बडगावगड तल्लो बजारघाट डाट बजार हुँदै धाप धौकोट दत्तु सम्म ९० थान सडक बत्ती जडान, पुरानो ५० थान सडक मर्मत कार्यको कूल लागत अनुमान रू. ९७९८७५।– तयारी गरी पारस हिमाल निर्माण सेवासँग गरेको खरिद सम्झौता अनुसार मू.अ.कर समेत रू. ९४१९११।– बत्ती जडान गरेको छ । यसरी जडान गरेका सडक वत्ती तोकिएको स्पेशिफिकेशन र गुणस्तर अनुसार भएको प्रमाणित हुने कागजात पेश गरेको छैन । नियममा भएको व्यवस्था अनुसार गुणस्तरीय सामग्री आपूर्ति गरी जडान भएको पालिकाद्वारा एकीन गर्नु पर्दछ ।

१०० **खरिद कार्यमा प्रतिस्पर्धाको स्थिति**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding)बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेकोछ ।साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फसमेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा रद्द हुने ऐनको प्रावधान रहेको छ ।कार्यालयले यस वर्ष ११ वटा निर्माण तथा खरिद कार्य ठेक्का मार्फत गरेको छ । उक्त मध्ये १.०२ देखि ५५.५८ प्रतिशत सम्म घटी कबोल गरी ठेक्का प्रतिस्पर्धा भएको देखिन्छ । यस वर्ष ठेक्का सम्झौता भएका ठेक्कामा भएको प्रतिस्पर्धाको अवस्था देहाय अनुसार छ ।

।

| क्र.सं. | कार्यक्रमको नाम | ठेक्का नंबर | बोलपत्र बिक्री सङ्ख्या | बोलपत्र दाखिला सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| 1 | श्री बगडमलेरा सडक निर्माण योजना | 01/MMDARCHULA/NCB/RP 2080/081 | 4 | 4 | 3866 | 1717 | 55.58 |
| 2 | काँटै बाजजायभ्कुल सडक निर्माण | 02/MMDARCHULA/NCB/ KBJRP 2080/081 | 7 | 7 | 5797 | 3070 | 47.04 |
| 3 | डड्याकटालथा मुधौकोट सडक निर्माण | 03/MMDARCHULA/NCB/ DKTDRP 2080/081 | 4 | 4 | 3865 | 2810 | 27.30 |
| 4 | निसिलजेबलधार पौनेखोला सडक निर्माण | 04/MMDARCHULA/NCB/ NJPRP 2080/081 | 6 | 6 | 7728 | 4405 | 43.00 |
| 5 | सेनिटरी प्याट खरिद | 05/MMDARCHULA/NCB/ SQ/SAPAD 2080/081 | 3 | 3 | 2300 | 2277 | 1.02 |
| 6 | शिवनगर खेलमैदान निर्माण | 06/MMDARCHULA/NCB/ SNKMNY 2080/081 | 8 | 8 | 5802 | 3306 | 43.01 |
| 7 | रिङन्ताल सार्वजनिक शौचालय निर्माण | 07/MMDARCHULA/SQ/RSSNY2080/081 | 3 | 3 | 1000 | 498 | 50.18 |
| 8 | तरकारी खेतीका लागि प्लाष्टिक घर निर्माण | 08/MMDARCHULA/NCB/ COPH 2080/081 | 6 | 6 | 7000 | 4509 | 35.58 |
| 9 | उन्नत जानका क्रममुर्रा भैसी खरिद | 09/MMDARCHULA/NCB/ SADOB 2080/081 | 3 | 3 | 3125 | 3089 | 1.16 |
| 10 | दत्तु थाप्ला सडक मर्मत | 10/MMDARCHULA/NCB/ UGODTRP 2080/081 | 7 | 7 | 7410 | 3541 | 52.22 |
| 11 | सित भण्डार गृह निर्माण | | 3 | 3 | 10000 | 8010 | 19.90 |

१०१ **मालसामानको गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः

- कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- देहायका मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्ने नगरेको उदाहरण देहाय अनुसार रहेको छः

| गो.भो. र मिति | मालसामानको नाम | बिक्रेता | भुक्तानी रकम |
|---|---|---|---|
| ३-२०८०।६।१७ | ल्यापटप, प्रिन्टर | वीर इन्टरर्नसनल ट्रेडर्स एण्ड सप्लायर्स | ४१६८५७ |
| ५-२०८०।६।१७ | फर्निचर | शिखर फर्निचर एण्ड अल्मुनियम उद्योग | २१९८९८ |
| ९-२०८०।६।१७ | फर्निचर | रतन फर्निचर उद्योग रतन इन्टर प्राइजेज एण्ड अर्डर सप्लायर्स | ४७४९३९ |
| १०-२०८०।६।२६ | फर्निचर | शुभलक्ष्मी मल्टी ट्रेड एण्ड एण्ड सप्लायर्स | ३४५००० |
| १८-२०८०।६।२९ | थ्रेसर खरिद | के एन ट्रेडिङ्ग | २३५००० |
| ५६-२०८०।८।१८ | फर्निचर | शिखर फर्निचर एण्ड अल्मुनियम उद्योग | ५९६६४० |
| ६४-२०८०।९।३ | ल्यापटप, प्रिन्टर | वीर इन्टरर्नसनल ट्रेडर्स एण्ड सप्लायर्स | ६८३०८५ |
| १३३-२०८०।११।१८ | ल्यापटप, प्रिन्टर, डेक्सटप | आनन्द ट्रेडर्स एण्ड सप्लायर्स | ९९८५२४ |

१०२ **सवारी साधन खरिद**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं . ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले देहाय बमोजिमको सवारी साधन खरिद गरेको विवरण पेश भएको छ ।

| सवारी साधनको नाम | खरिद संख्या | खरिद रकम |
|---|---|---|
| मोटरसाइकल | १ थान | ३२८००० |

१०३ **काँटे बाँज जाइझुल सडक**

ठेक्का नं 02-MMDARCHULA-NCB-KBJRP-080-81 को २०८०।९।४ मा निर्माण व्यवसायी श्री जय हुस्क कन्स्ट्रक्सनसँग २०८२।०३।२४ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु५,०६८२७२ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य रु २६५४७६४ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई रु. २६१८९४६ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा कार्यसम्पन्न भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन:

१०३.१ **सडक चेनेजः** पालिकाले सडकहरु नामाकरण नगरेको तथा गतविगतमा भएका सडक निर्माण कार्यहरुको नापी अभिलेख तथा नापी नियन्त्रण खाता नराखेको हुनाले एउटै कार्यको दोहोरो भुक्तानी हुनसक्ने देखिन्छ। आर्थिक वर्ष ०७८।७९ र ०७९।८० मा यही योजनामा खर्च भएको तथा यस तथा गतविगत वर्षमा समेत उपभोक्ता समिति मार्फत कार्य भएको कार्यालयको सूत्र सफ्टवेयरबाट देखिन्छ। यस वर्ष भएको कार्यमा गतविगतमा भएको कार्य कुन चेनएजसम्म भएको हो सो नापी किताबमा खुलाएको देखिदैन। यसकारण दोहोरो कार्यको भुक्तानी नभएको यकिन गर्न सक्ने विश्वस्त आधार देखिएन। तसर्थ पालिकाले अनिवार्य रुपमा विगतमा भएको कार्यको अभिलेखिकरण तोकिएको ढाचाँमा गर्नुपर्दछ।

१०३.२ **डि.पि.आर. प्रतिवेदन भन्दा फरक कार्यः** आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतकोउच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष २०७५।७६ मा तयार गरिएको उक्त प्रतिवेदन अनुसार ७.८१६ कि.मि लामो., १५ मिटर राइट अफ वे तथा ५ मिटर चौडा क्रसड ग्रावेलको सव-बेस तथा नदीको वालुवाको बेस तथा ५.८८५ किलो मिटरमा प्रिमिक्स सहितको बाटो निर्माण गर्न रु २७,६५,३७,७८१ कुल लागत लाग्ने देखिन्छ। तर पालिकाले प्रतिवेदन विपरीत ९.३७५ कि.मि लामो., मिटर राइट अफ वे नछुटयाई तथा ४ मिटर चौडा पि.पि.सि. बाटो निर्माण कार्य गतविगत तथा यस पटक गराएको छ। तसर्थ पालिकाले यस सडकको डि.पि.आर. प्रतिवेदन भन्दा फरक कार्य गराउनको आवश्यकता तथा औचित्य पुष्टि नगरी डि.पि.आर. अनुसारको लम्बाई र स्थानमा ठेक्का समेत नगरेकोले योजना प्रभावकारी तथा उक्त योजनामा भएको खर्च औचित्यपूर्ण भएको यकिन गर्न सकिएन।तसर्थ यसमा कार्यालयको ध्यान जानुपर्दछ।

१०३.३

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०४ **डाडया कटल थामु धौकोटी सडक**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०५ **विल भरपाई**

४०९-२०८०।११।६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । वडा नं. ६ ले शैक्षिक संस्था अनुदान तथा राष्ट्रपति शिल्ड प्रतियोगिता वापतको रकम रू. ५० हजार भुक्तानी गर्दा फोटोकपी वील समावेश गरेको पाइयो खर्च लेख्दा नियमानुसार विल भर्पाइ पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

१०६ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस नगरपालिकाले यस वर्ष देहाय अनुसार वितरणमुखी कार्यक्रममा खर्च गरको पाइयो ।यस्ता प्रकारका वितरणमुखी कार्यक्रमबाट उत्पादकत्व वृद्धि नहुने, वितरण भएका सामग्रीको सदुपयोग नहुने हुँदा राज्यको सिमित स्रोत साधनबाट सर्वसाधारण जनताले लाभ लिन नसक्नेहुँदा सस्तो खर्च नियन्त्रण गर्नु पर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन्

| भौ.नं. र मिति | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| नगरपालिका पूँजीगत कार्यक्रम | | | |
| ३७१—२०८१।३।२४ | पाइप वितरण | ४०९६७६ | विभिन्न उपभोक्ता |
| नगरपालिका पूँजीगत कार्यक्रम | | | |
| ४१६-२०८०।११।६ | ज्येष्ठ नागरिक सम्मान | ८६९२० | ६१ जनालाई ज्याकेट वितरण |
| ४३०-२०८०।११।११ | ज्येष्ठ नागरिक सम्मान वडा नं. ७ | १८९९२५ | १३५ जनालाई ब्लाङ्केट वितरण |
| ४५३-२०८०।११।३० | तरकारी वीउ वितरण | १८०९५० | विभिन्न उपभोक्ता |

१०७ **योजना सञ्चालन**

१०७.१ **योजनाको आवश्यकता र औचित्यः** आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतकोउच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। तर पालिकाले उक्त सडक निर्माणसम्बन्धी पहिलो ठेक्का सम्पन्न नभई अर्को ठेक्का गरेको अवस्था तथा उक्त सडकको सम्पुर्ण लम्बाईको लगत कट्टा तथा डि.पि.आर. अनुसारको लम्बाई र स्थानमा ठेक्का समेत नभएको अवस्था यस प्रकार सडकको आवश्यकता पुष्टी हुने प्रमाण कागजात पेश हुन नआएकोले योजना प्रभावकारी तथा औचित्यपूर्ण भएको यकिन हुन सकिएन।

१०७.२ **कार्यमा ढिलाईः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनुपर्दछ। लेखापरीक्षणको अवधी २०८१।६।५ गतेसम्म गत वर्ष भएको ठेक्काको सम्झौता अबधिमा २०८०।३।१८ मा समाप्त भएकोमा पहिलो रनिङ्ग बील रु ७४९२७१४। मात्र प्राप्त भएको देखियो। तसर्थ कार्यालयले निर्माण व्यवसायीको कारणले भएको ढिला कार्यलाई नियन्त्रण गरी अविलम्ब कार्य सम्पन्न गराउन तथा सार्वजनिक खर्चमा प्रभावकारीता तथा मितव्ययीता कायम गर्न कानुनबमोजिम आवश्यक कदम चाल्नुपर्दछ।

१०७.३ **गत वर्षको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने तथा नियम १३(२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१५) मा उल्लिखित खर्च शीर्षकमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राखुपर्ने उल्लेख छ। तर कार्यालय सोबमोजिम भुक्तानी दिन बाँकीको विवरण तयार नगरी गत वर्ष श्री दर्शन निर्माण सेवा को पहिलो रनिङ्ग बील २०८०।०३।२४ गतेमा प्राप्त भएको तथा सो कार्यको लागि गत बजेट बाँकी रहेकोमा यस वर्ष दिएको भुक्तानी पछिल्लो मितिमा कार्य सकेर क्षतिपुर्ति असुल नगर्ने उद्वेश्य अघिल्लो मिति उल्लेख गरी दिनसक्ने संभावना भएको देखिएकोले सो सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने अन्थया गुज्रेको म्यादको क्षतिपुर्ति असुल गर्नुपर्दछ।

१०७.४ डि.पि.आर. प्रतिवेदन भन्दा फरक कार्यः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष ७७।७८ मा तयार गरिएको उक्त प्रतिवेदन अनुसार ५.७२९ कि.मि लामो., १५ मिटर राइट अफ वे तथा ५ मिटर चौडा क्रसड ग्रावेलको सव-बेस तथा नदीको वालुवाको बेस तथा ५.७२९ किलो मिटरमा प्रिमिक्स सहितको बाटो निर्माण गर्न रु ३२१०२८२१४। कुल लागत लाग्ने देखिन्छ। तर पालिकाले प्रतिवेदन विपरीत लम्बाई., मिटर राइट अफ वे नछुटयाई तथा कम चौडाईमा बाटो निर्माण कार्य गतविगत तथा यस पटक गराएको छ। तसर्थ पालिकाले यस सडकको डि.पि.आर. प्रतिवेदन भन्दा फरक कार्य गराउनको आवश्यकता तथा औचित्य पुष्टि नगरी डि.पि.आर. अनुसारको लम्बाई र स्थानमा ठेक्का समेत नगरेकोले योजना प्रभावकारी तथा उक्त योजनामा भएको खर्च औचित्यपूर्ण भएको यकिन गर्न सकिएन।तसर्थ यसमा कार्यालयको ध्यान जानुपर्दछ।

१०७.५ **सडक चेनेजः** पालिकाले सडकहरु नामाकरण नगरेको तथा गतविगतमा भएका सडक निर्माण कार्यहरुको नापी अभिलेख तथा नापी नियन्त्रण खाता नराखेको हुनाले एउटै कार्यको दोहोरो भुक्तानी हुनसक्ने देखिन्छ। आर्थिक वर्ष ०७८।७९ र ०७९।८० मा यही योजनामा खर्च भएको तथा यस तथा गतविगत वर्षमा समेत उपभोक्ता समिति मार्फत कार्य भएको कार्यालयको सूत्र सफ्टवेयरबाट देखिन्छ। यस वर्ष भएको कार्यमा गतविगतमा भएको कार्य कुन चेनएजसम्म भएको हो सो नापी किताबमा खुलाएको देखिदैन। यसकारण दोहोरो कार्यको भुक्तानी नभएको यकिन गर्न सक्ने विश्वस्त आधार देखिएन। तसर्थ पालिकाले अनिवार्य रुपमा विगतमा भएको कार्यको अभिलेखिकरण तोकिएको ढाचाँमा गर्नुपर्दछ।

## १०८ शिवनगर खेल मैदान निर्माण

ठेक्का नं 06-MMDARCHULA-NCB-SNKMNY-080-81 को २०८०।१०।२६ मा निर्माण व्यवसायी श्री जगन्नाथआर.बि. कन्स्ट्रक्सनसँग २०८१।०१।३० सम्म कार्यसम्पन्न गर्ने गरी लागतअनुमान रु ५११५५११। (मु.अ.कर र प्रोभिजनलसम बाहेक) भएको कार्य रु.२९२८०९१। (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई रु २८७८१३६.७३ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा कार्यसम्पन्न भएको सम्बन्धमा देखिएको व्यहोराहरुनिम्नानुसार छनः

१०८.१ सार्वजनिक खरिद नियमावलीको नियम १२०मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित

आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने अन्यथा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्न सक्नेर पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ। नियममा भएको व्यवस्थाबमोजिम म्याद थपको निवेदन निर्धारित अवधिमा कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरीप्राप्त नभएको देखिन्छ।

१०८.२ **टुक्रा गरी खरिद कार्यः**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावलीमा रु. २० लाखभन्दा बढीको खरिदसिलबन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ।तर कार्यालयले शिवनगर खेल मैदान निर्माण कार्यको लागत अनुमान रु २५०००००। र भुक्तानी रु २३८७५०८। भएको निर्माण कार्य गर्दा सिलबन्दी बोलपत्रको माध्यमबाट अधिकतम प्रतिस्पर्धा सुनिश्चित हुने गरी गर्नुपर्नेमा खरिद प्रतिस्पर्धा सिमित हुने गरी कोटेशन मार्फत सोझै गरेको देखियो। तसर्थ कार्यालयले नियममा भएको व्यवस्था पालनामा ध्यान दिनुपर्दछ।

१०८.३ **खेल मैदान मापदण्डः**स्थानीय तहमा खेलकुदपूर्वाधार निर्माण सम्बन्धी कार्यविधी, २०७५बमोजिम आवश्यक न्युनतम मापदण्ड न्यूनतम २५ रोपनी जग्गा, खेलकुद ग्रामको रुपमा विकास गर्न क्रमिक रुपमा निर्माणहुदाँ आवश्यकता अनुसार क्षेत्र विस्तार गर्न मिल्ने स्थान लगायतका मापदण्ड रजग्गाको बनौट तथा प्रकार (भिरालो, पानीनिस्कने, पहिरोजाने, आकार)बमोजिम आवश्यक संरचना निर्माण गर्न सक्ने संभाव्यता ख्याल गरी खेल मैदान निर्माण गर्नुपर्ने उल्लेख छ। तर पालिकाले कार्यविधि अनुसारको जग्गामा सुनिश्चितता नगरी गत विगत देखि उक्त स्थान खर्च गरेको देखिन्छ। तसर्थ यसरी कार्यविधिको पालना नगरी खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

## १०९ ढुंगा, गिट्टी र वालुवा उत्खनन्

ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधि र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरू समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र विक्री वितरण सम्बन्धी व्यवस्था गरेको छ ।नदी जन्य पदर्थको उत्खनन, सङ्कलन, बिक्री तथा ढुवानी ठेक्का बन्दोबस्त गर्दा परिमाणको आधारमा वार्षिक रूपमा गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्का लागि ठेक्का बन्दोवस्त गरेको छैन । समयमा ठेक्का बन्दोवस्त नगरेको, अनुगमनलाई प्रभावकारी नबनाएको कारण ढुङ्गा, गिट्टी तथा बालुवाको चोरी निकासी हुने गरेको समेत पाइयो । यसलाई नियन्त्रण गर्न नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र विक्री वितरण गर्ने वातावरणीय अध्ययन गरी समयमा ठेक्का बन्दोवस्त गर्नु पर्दछ ।



महाकाली नदी किनारमा भदौ महिनामा संकलन गरेको बुलुवा

## ११० सार्वजनिक शौचालय निर्माण

ठेक्का नं 07-MMDARCHULA-SQ-RSSNY-080-81 को २०८०।१०।०८ मा निर्माण व्यवसायी श्री जय गौरी शंकर निर्माण सेवा सँग २०८१। ०२।०५ सम्म कार्य सम्पन्न गर्ने गरी लागत अनुमान रु.८८४९५५.७८ (मु.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य रु.४४०८६० (मु.अ.कर र

प्रोभिजनल सम बाहेक) मा सम्झौता भई प्रथम चल्ती बील बाफत रु.२६९८०३ (मु.अ.कर र प्रोभिजनल समबाहेक) मा देखिएको व्यहोराहरु निम्नानुसार छनः

११०.१ **पूर्व निर्धारित क्षतिपूर्तिः**सार्वजनिक खरिद नियमावलीको नियम १२०मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने अन्यथा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्न सक्नेर पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ। नियममा भएको व्यवस्थाबमोजिम म्याद थपको निवेदन निर्धारित अवधिमा कार्यसम्पादन जमानत, विमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरीप्राप्त भएको देखिदैन। सम्झौता बमोजिम २०८०।०२।०५ समयभित्र कार्यसम्पन्न नगरेकोले समयमा कार्यसम्पन्न गराउनुपर्ने तथा नियम १२०(३)बमोजिम निर्माण व्यवसायीबाट २०८१।०३।३१ सम्म गुज्रेको म्याद ५७ दिनको नियमानुसार प्रति दिनको ०.०५% का दरले सम्झौता रकम ४९८१७१। को क्षतिपूर्ति रकम रु १४१९८। असुलउपर गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,१९८ |

११०.२ **बजेट व्यवस्था विना ठेक्का कार्यः**सार्वजनिक खरिद नियमावलीको नियम ५ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने तथा खरिद कारबाहीको तयारी गर्दा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने तथा नियम ६ मा खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्न नहुने उल्लेख छ। तर कार्यालयले डडया कटाल थामु धौकोट सडक आयोजनाबाट सार्वजनिक शौचालय निर्माण गर्न रु ५०००००। छुटाएकोमा रु १००००००। लागत अनुमानको ठेक्का आव्हान गरेको देखिन्छ। यसरी नियमविपरीत कार्य गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

### १११ उन्नत जातको क्रस मुर्रा भैसी खरिद

ठेक्का नं 09-MMDARCHULA-NCB-SADOB-080-81 को २०८१।१।२५ मा निर्माण व्यवसायी श्री पारस हिमाल निर्माण सेवा एण्ड सप्लायर्ससँग २०८१।०३।२५ सम्म कार्यसम्पन्न गर्ने गरी लागत अनुमान रु ३१२४९९९.६५ (मू.अ.कर र प्रोभिजनल सम बाहेक) भएको कार्य रु ३०८८९००(मू.अ.कर र प्रोभिजनल सम बाहेक) मा सम्झौता भई रु. ३०८८९००(मु.अ.कर र प्रोभिजनल सम बाहेक) मा कार्यसम्पन्न भएको सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

१११.१ **ढुवानी खर्चः** सार्वजनिक खरीद नियमावलीको नियम १४८ मा दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा ढुवानी दर निर्धारण गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले सो बमोजिम ढुवानी खर्च निर्धारण नगरी लागत अनुमान प्रति भैसी रु १३०४६।४७ भएकोमा रु १९३००। का दरले रु ४४३९००। भुक्तानी दिएको देखियो ।

१११.२ **लागत अनुमानः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ मा खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नु पर्ने, खरिद सम्झौता नवीकरण गर्न पर्ने वा नपर्ने, खरिदको अन्य कुनै विकल्प भए त्यस्तो विकल्प, खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम तथा समयर सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका अन्य कुरा विचार गरी तयार गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले प्रति भैंसी १२२८२६ खरिद मुल्य तथा दुवानी रु १३०४६।४७ गरी १३५८६९।५५। लागत अनुमान कायमको आधार नखुलाई ऐन तथा नियमावलीमा तोकिए बमोजिम लागत अनुमान तयार गरेको पाइएन। यसकारण खरिद कार्य मितव्ययी भएको देखिएन। तसर्थ कार्यालयले कानुनको पालनामा ध्यान दिनुपर्दछ।

११.३ सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नु गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ। तर कार्यालयले रु ३०८८९००।मा खरीद गरेको २३ वटा क्रस मुर्रा भैसीको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर तोकिएको बमोजिम भए/नभएको यकिन हुने गरी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। यसकारण प्राप्त सामान तोकिए बमोजिमको स्फेसिफिकेशन अनुसार प्राप्त भए नभएको विश्वस्त गर्ने आधार नदेखिएको ।


१११.४ **छनौटको आधारः** विशेष अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि २०८० को अनुसूची ४ मा अनुदान प्राप्त गर्ने युवा छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु उल्लेख गरेको छ। तर कार्यालयले उक्त मापदण्ड बमोजिमको एउटै मुल्यांकनका आधारको फरक फरक अंक दिएको कारण उल्लेख गरेको देखिएन। यसरी एउटै आधारको फरक फरक अंक प्रदान गर्दा मुल्यांकन निष्पक्ष तथा स्वच्छ भएको यकिन गर्न सकिने आधार भएन। तसर्थ कार्यालयले छनौट प्रक्रियालाई निष्पक्ष तथा स्वच्छ बनाई वास्तविक अनुदानग्राहीलाई छनौट गर्नुपर्दछ।

१११.५ **अनुगमन तथा मुल्यांकनः**महाकाली नगरपालिकाको योजना तर्जुमा कार्यान्वयन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्नुपर्दछ। तर कार्यालयले सो बमोजिम योजनाको उपलब्धता, प्रभावकारीता तथा उपयोगिता सम्बन्धी अनुगमन तथा मुल्यांकन गरेको देखिएन। तसर्थ कार्यालयबाट कानुनबमोजिम अनुगमन गर्नुपर्दछ।

## ११२ सेनिटरी प्याड खरिद

११२.१ **असम्बन्धित आपुर्तिकर्तासँग खरिद कार्यः** प्रचलित कानुनबमोजिम दर्ता भएको संस्थाले जुन उद्देश्यका लागि व्यवसाय दर्ता गरेको हो सो उद्देश्यको अधिनमा रहि आफ्नो व्यवसायिक कारोवार संचालन गर्नुपर्दछ। पालिकाले स्यानीटरी प्याड व्यवसायिक उद्देश्य तथा उत्पादक समेत नभएको सञ्चार व्यवसायसँग सम्बन्धित व्यवसायी श्री आर.के. एडभरटाइजिङ्गसँग गरेको देखिएकोले कानुनको पालना गरेको पाइएन। यसरी कानुनविपरीत खरिद कार्य गर्ने पदाधिकारी तथा व्यवसायीलाई प्रचलित कानुनबमोजिम जिम्मेवार बनाउनुपर्दछ।

११२.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। Safety brand को 240mm को सेनेटरी प्याड प्रति पिस रु ३० का दरले अधिकतम खुद्रा मुल्यमा पाइने daraz.com मा तथा उक्त आपुर्तिको उत्पादन PADelux Regular plus sanitary-240 mm रु ८० मा ३ पाकेट उपलब्ध गराउने गरेको Thulo.com बाट देखिन्छ। यसरी अधिकतम खुद्रा मुल्यमा प्रति पिस रु ३० का दरले पाउने प्याड प्रति पाकेट रु ५३।१० मा खरीद गरी प्रति पिस २३।१० का दरले ३७९४०। पिसको रु ८७६४१४। थप व्ययभार पारेको अनियमित रकम रु




| | |
|---|---|
| अनियमित भएको | ८,७६,४१४ |

११२.३ **वितरण अभिलेखः** कार्यालयले खरिद गरेका स्यानेटरीप्याड खर्च भएर जाने जिन्सी खाताको छुट्टै अभिलेख राखेको छ। खर्च लेख्दा हस्तान्तरण फारम मार्फत शैक्षिक संस्थाहरुको मागको आधार पठाउनुपर्नेमा कार्यालयले संस्थाबाट प्राप्त माग फारम र हस्तान्तरण गरी

पठाएको स्यानेटनरी सम्बन्धीत शैक्षिक संस्थाले दाखिला तथा वितरण गरेको प्रमाण अभिलेख व्यवस्थित रुपमा राखेको पाइएन।साथै जिन्सी श्रेस्तामा शुरु मौज्दातको अभिलेख राखेको समेत देखिएन। तसर्थ कार्यालयले अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ ।

११२.४ **समयमा खरिद कार्य नगरेकोः** कार्यक्रम कार्यान्वयन पुस्तिका मा स्थानीय तहले सामुदायिक विद्यालयका कक्षा ६-१२ सम्मका सबै छात्राहरुलाई महिनावारीको समयमा स्वदेशी उत्पादक कम्पनीको निःशुल्क सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन कार्यविधी) २०७६ बमोजिम खरिद गरी छात्रा विद्यार्थीको संख्याको आधारमा १० महिनाको लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने उल्ल्ख छ । तर पालिकाले महिवारीको बेला उपलब्ध गराउनुपर्ने सेनेटरी प्याड समयमा खरिद नगरी २०७९।३।२१ गते बजेट फ्रिज नहुने उद्देश्यले आपूर्तिकर्ता आर.के. एडभरटाईजिङ्ग एण्ड सप्लायर्स प्रा.लि. बाट ३७९४० पिस प्रति पिस रु ५३।१० का दरले रु २२७६५१३ को खरिद गरेको देखिन्छ । सो मध्ये लेखापरीक्षणको अवधिसम्म केही परिमाण वितरण नगरी जिन्सीमा अव्यस्थित तवरले राखेको देखिन्छ। तसर्थ समयमा खरिद तथा वितरण नगर्ने सम्बन्धित पदाधिकारी उत्तरदायी बनाउनुपर्दछ।

११२.५ **लागत अनुमानः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ मा खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नु पर्ने, खरिद सम्झौता नवीकरण गर्न पर्ने वा नपर्ने, खरिदको अन्य कुनै विकल्प भए त्यस्तो विकल्प, खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम तथा समयर सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका अन्य कुरा विचार गरी तयार गर्नुपर्ने उल्लेख छ। तर कार्यालयले प्रति पाकेट (८ पिस) को ५३।६४ का दरले ३७९४०। पाकेटको २३०००००। लागत अनुमान कायमको आधार नखुलाई ऐन तथा नियमावलीमा तोकिए बमोजिम लागत अनुमान तयार गरेको पाइएन। यसकारण खरिद कार्य मितव्ययी भएको देखिएन। तसर्थ कार्यालयले कानुनको पालनामा ध्यान दिनुपर्दछ।

११२.६ **प्राविधिक स्पेसिफिकेशन निरीक्षण तथा स्वीकृतिः** सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नु गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ। तर कार्यालयले स्यानेटरी प्याड खरिद गरेको रु ३०८८९००। को स्यानीटरी प्याडको न्यूनतम मापदण्ड बमोजिमको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर तथा नमुना बमोजमिमको बमोजिम भए/नभएको यकिन हुने गरी प्रयोगशाला परीक्षण सहितको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। साथै भौतिक रुपमा देख्दा आपूर्ति गरिएको प्याड नमुना प्याडभन्दा फरक रहेको देखियो। यसकारण प्राप्त सामान तोकिए बमोजिमको स्फेसिफिकेशन अनुसार प्राप्त भए यकिन गर्न विश्वस्त आधार नदेखिएको सो सम्बन्धी प्रमाण पेश गरिनुपर्दछ।



११३ **योजना फरफारक**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने, नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ । कार्यालयले नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण गराएको देखिएन साथै योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरूलाई योजना हस्तान्तरण भएको देखिएन । नियमको पालना हुनुपर्दछ ।

११४ **उपभोक्ताबाट भएको कामको गुणस्तर**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा प्राविधिकले योजनाको Labor and Material Breakdown नगरेको, उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन ।

११५ **उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न १६० उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. १ करोड ८० लाख भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाई हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

११६ **जरिवाना भुक्तानी**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ बमोजिम धारा विजुली तथा टेलिफोन महशुल समयमै भुक्तानी नगरी जरिवाना लागेमा सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विद्युत महशुल तथा सवारी साधन नवीकरण समयमा तिरी संस्थाले उपलब्ध गराएको छुटको सुविधा लिनुपर्नेमा ढिलो गरी भुक्तानी गर्दा विलम्ब शुल्क समेत तिरेको हुदा मापदण्डको पूर्णरुपमा पालना गरेको देखिएन । विलम्ब शुल्क नतिर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली बनाउन पर्दछ ।

| गो.भौ.नं. मिति | विलम्ब शुल्क | कैफियत |
|---|---|---|
| ६५८।२०८१।२।२ | १६८००।- | सवारी साधन नवीकरण |
| ११७।२०८०।३।२१ | २७३९०।- | सवारी साधन नवीकरण |
| ७४३।२०८१।२।३० | ३७५०।- | नेपाल विद्युत प्राधिकरण |

## ११७ छुट्टै अस्तित्व भएको निकायलाई अनुदान्

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार पालिकाले छुट्टै बजेट ब्यवस्था भएको कार्यालयहरू तथा नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले अनुदान वितरणको मापदण्ड तयार नगरी तथा वितरित अनुदानको उपयोग, उपलब्धिको लेखाजोखा तथा वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन र सोबाट प्राप्त उपलव्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । यो वर्ष देहायअनुसारका कार्यालयलाई कार्यालय व्यवस्थापन लगायतमा कार्यविधि वेगर अनुदान दिएको रकम नियमसम्मत नदेखिएको रु.

| **गो.भौ.नं. मिति** | **अनुदान प्राप्त गर्ने संस्था** | **अनुदान व्यहोरा** | **अनुदान रु.** |
|---|---|---|---|
| ७८१।२०८१।३।१२ | लालिगुरास कृषि बहुउद्देश्यीय सहकारी संस्था | मर्मत संभार खर्च भुक्तानी | ४९५०२ |
| ८६१।२०८१।३।२० | नेपाल रेडक्रस सोसाईटी | सामग्री ढुवानी वापत भुक्तानी | ३०००० |
| ३६४।२०८०।१०।५ | विशाल पोल्ट्रि फर्म | कुखुरापालनको लागि अनुदान दिएको | १००००० |
| | | अनियमित भएको | १,७९,५०२ |

## ११८ व्यक्तिगत घटना दर्ता सप्ताह

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बँदा ५ मा घटना दर्ता नवीकरणको विवरण अधावधिक गर्ने सन्दर्भमा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको लागि कार्तिक मसान्तभित्र लाभग्राहीको नवीकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ भने सामाजिक सुरक्षा नियमावली, २०७६ नियम ९को (३) मा परेको निवेदन सम्बन्धमा सम्बन्धित वडा समितिले जाँचबुझ गरी त्यस्तो परिचयपत्र नवीकरण गरी दिनु पर्नेछ र नवीकरण गरिएको विवरण अद्यावधिक गरी सम्बन्धित वडा कार्यालयले सोको जानकारी स्थानीय तहलाई दिनु पर्नेछ भन्ने व्यवस्था रहेकोमा पालिकाले गो.भौ.नं ६६६।२०८१।२।२ बाट पञ्जिकरण घटना दर्ता नवीकरण कार्यक्रमवापत निम्न कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता रकम भुक्तानी गरेको छ । सामाजिक सुरक्षा भत्ता नवीकरण कार्य वडा कार्यालयको नियमित कार्य भएको हुँदा सो कार्य गरे वापत कर्मचारीलाई भत्ता वितरण गर्न नमिल्ने हुदा यस तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।-

| | कर्मचारीको नाम पद | रकम |
|---|---|---|
| १ | एम आई एस अपरेटर धनराज भट्ट | ७६५० |
| २ | फिल्ड सहायक उमेश सिंह महर | ७६५० |
| ३ | फिल्ड सहायक पूजा महरा | ७६५० |
| ४ | विविध खर्च | १०१०० |

### ११९ अनुगमन तथा निरीक्षण भत्ता र खाजा खर्च

पालिकाले विभिन्न भौचरहरूबाट विभिन्न कार्यक्रमहरूको अनुगमन तथा निरीक्षण गरे वापत विभिन्न किसिमका भत्ता रकम भुक्तानी दिएको देखिन्छ । कुनै पनि कार्यक्रम, तालिम, गोष्ठी तथा सेमिनारमा अनुगमन हुने तर सोको खास परिणाम नदेखिने हुँदा यस्ता प्रकृतिका खर्चलाई नियन्त्रण गरी तालिम कार्यक्रमलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ । अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिकामा समेत तालिम तथा कार्यक्रममा अनुगमनकर्तालाई भत्ता दिने व्यवस्था भएको नदेखिएकोले यस्तो किसिमको खर्च नियन्त्रण तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| गो.भौ.नं.. मिति | पदाधिकारी/ कर्मचारी | खुद बुझेको रकम | कैफियत |
|---|---|---|---|
| ७२४।२०८१।२।२८ | सु प्र अधिकृत भुपेन्द्र सिंह रैखोला | १०००० | क्षमता विकास योजना कार्यान्वयन शीर्षकबाट वडा तथा स्वास्थ्य चौकीहरूमा क्षमता विकास तथा ई हाजिर तालिममा सहभागी भए वापतको भत्ता रकम |
| ८६०।२०८१।३।२० | उद्यम विकास संयोजक विष्णूदत्त भट्ट | १७००० | पालिका भित्र विभिन्न कार्यक्रमको अनुगमन तथा परामर्श वापतको भत्ता रकम |

### १२० औषधि ढुवानी

४३६-२०८०।११।१८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा (४) मा ढुवानीको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकायले जिल्लास्तरको सार्वजनिक निकायको हकमा दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा प्रचलित बजार दररेटको आधारमा मोटामोटी लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले लालजिरा रावतलाई पालिका भित्रका १३ वटा स्वास्थ्य संस्थामा औषधि उपकरण ढुवानी वापत रू. १३५६०० भुक्तानी गरेको छ । १३ वटा संस्थामा औषधि उपकरण ढुवानीका लागि ५ वटा गाडीधनीसँग सम्झौता गरेको पाइयो । एकै रूटमा पर्ने स्वास्थ्य संस्थामा गाडीको भार बहन क्षमता अनुसार एउटै गाडीबाट ढुवानी गरी खर्चको नियमिततामा ध्यान दिएको पाइएन । पालिका भित्रका स्वास्थ्य संस्थामा औषधि उपकरण ढुवानी गर्दा खर्चको मितव्ययितालाई समेत विचार गरी खर्च गर्नु पर्दछ ।

### १२१ वितरणमुखी कार्यक्रम

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरूको छनोटमा ध्यान दिनु पर्दछ साथै पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता र अनुदान वितरण गर्नु पर्दछ।गाँउपालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरूमा केन्द्रीत भई योजना कार्यान्वियन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरू कार्यविधि वेगर संचालन गर्ने गरेको देखियो जुन योजना र कार्यक्रमहरूले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिदैन ।पालिकाले यो वर्षबजेट विनियोजन गरेतापनि स्पष्ट मापदण्ड र कार्यविधि तयार नगरी गरेको निम्नबमोजिमको कार्यक्रम वापत रु५०७१३६।-भुक्तानी भएको देखिन्छ । यस्तो प्रकृतिको खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

| क्र सं | गो.भौ.नं./ मिति | कार्यक्रम | क्रियाकलाप | खर्च रकम |
|---|---|---|---|---|
| १ | ११०।२०८०।७।१५ | टुहुरा बालबालिका सहयवग कार्यक्रम | वडा नं ४ का बालबालिकालाई कपडा वितरण | ५०००० |
| २ | ६५९।२०८१।२।२ | वडा नं ९ को खेलकुद | वडा नं ९ का यूवाहरूलाई क्रिकेट जर्सी वितरण | ९९९२१ |
| ३ | ९२२।२०८१।३।३० | समाजिक सुरक्षा भत्ता | ग वर्गका अपांगलाई सा.सु. भत्ता वितरण | १८८३०० |
| ४ | २०६।२०८०।८।१८ | तरकारी वाली विउ वितरण | कृषकहरूलाई तरकारी बीउ वितरण | १६८९१५ |

१२२ **खर्च सार्वजनीकरण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष उपभोक्ता समितिमार्फत योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पसपूर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । कार्यालयले नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ ।

१२३ **मिनी हुपर डम्प टिपर तथा ट्रयाक्टर खरिद**

१२३.१

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१९५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१२३.२ **क्याटलग सपिङ्गः** उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को बुदाँ नं. (४) (५) मा सार्वजनिक निकायलेक्याटलग सपिङ्ग विधिवाट खरिद गर्दा मालसामान उत्पादन गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका आधारमा तय गरेको थोक विक्री मूल्य र सुविधा सम्वन्धित कम्पनीको वेभसाईट वा कागजात (ब्रोसर) मा अनिवार्य रुपमा सार्वजनिक गरिएको मालसामान उत्पादक कम्पनी वा मालसामान निर्माण कम्पनीले तोकेको अधिकृत÷आधिकारीक विक्रेता कम्पनीसँग कार्यविधिको बुदाँ नं. ६ बमोजिम बुदाँ नं. ५ अनुसार तय गरेको थोक विक्री मूल्य सम्बन्धित कम्पनीको वेभसाइट वा कागजात (ब्रोसर) मा सार्वजनिक गरेपछि समानस्तरको मालसामान उत्पादन गर्ने कम्पनीले तोकेको थोक मूल्यमा प्रतिस्पर्धा गराई उत्पादक वा त्यसको अधिकृत/आधिकारीक विक्रेतावाट तोकिएको मूल्य र सुविधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव प्राप्त गरेपछि मूल्यमा पाइने छुट र सुविधामा हुने थप समेतको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा उल्लेख भए बमोजिम मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही प्रस्तावदाता छनोट गर्नुपर्ने उल्लेख छ।तर कार्यालयले खरिदका लागि गो.भौ.नं. १६-२०८१।३।१८ बाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. लाई मिनि हुपर डम्प टिपर खरिद वापत रु १८१००००। तथा गो.भौ.नं. १७-२०८१।३।१८बाट अप्सन नेपाल प्रा.लि. लाई ट्याक्टर खरिद वापत रु २०९००००। गरी जम्मा रु ३९०००००। भुक्तानी गर्दा निर्देशिकाको बुदाँ नं.(४) (५) (६) व्यवस्थाको पालना नगरी खरिद गरेको हुदाँ थोक विक्री मूल्य सम्बन्धी प्रमाण राखेको देखिएन ।

१२४ **कान्जी हाउस**

पालिकाले आफ्नो क्षेत्रभित्र छाडा छोडिएका पशु चौपाया व्यवस्थापनका लागि गत विगत आर्थिक वर्ष देखिनै कान्जी हाउस स्थापना गरी घास पराल तथा सरसफाई वापत भनी कुल ६ वटा भौचरबाट रु २९९९००।- भुक्तानी गरेको छ । उक्त कान्जी हाउसमा वर्षभरीमा कति पशुचौपाया राखियो सो अनुसारको घास पराल खपत हुनु पर्नेमा पालिकाले प्रत्येक महिना ६० देखी ६५ भारी घास तथा ६० केजी नुन खपत हुने भनि विवरण पेश गरेको आधारमा भुक्तानी गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा कान्जिहाउस अवलोकन गरी हेर्दा एउटा माउ गाई र दुई साना बाछी मात्र रहेको देखियो यसवाट भुक्तानी भएको रकम यथार्थपरक रहेको नदेखिएकोले खर्चको प्रभावकारिता पुष्टि गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | २,९९,९०० |

१२५ **कर्मचारी मार्फत भुक्तानी**

पालिकाले इलेक्ट्रोनिक फण्ड ट्रान्सफर प्रणाली लागु भएपश्चात पनि विभिन्न समानहरू खरिद भएका फर्म तथा पार्टीहरूलाई सिधै भुक्तानी नदिई कर्मचारी मार्फत भुक्तानी दिएको पाइयो । यसरी भुक्तानी दिने प्रवृत्तिमा सुधार हुनुपर्दछ । केही उदाहरण निम्न छन

| गो.भौ.नं. मिति | कामको विवरण | भुक्तानी पाउने कर्मचारी | रकम |
|---|---|---|---|
| ७६२।२०८१।३।४ | खाद्यान्न सामग्री ढुवानी तथा लोड अनलोड | युवराज जोशी | २२९१२० |
| ८५५।२०८१।३।१९ | खाद्यान्न ढुवानी | युवराज जोशी | ४५०२० |
| ६६९।२०८१।२।३ | स्वास्थ्य संस्था सुदृढीकरण कार्यक्रम अन्तर्गत नेपाल टेलिकमको ईन्टरनेट महशुलवापतको रकम | माधव प्रसाद जोशी | २०४४९ |
| ६१५।२०८१।२।२४ | लिजलाईन ईन्टरनेट तथा सञ्चार महशुल | युवराज जोशी | ४२००० |
| ७२२।२०८१।२।२८ | सवारी साधन मर्मत | भुपेद्र सिंह रैखोला | ५१४१९ |
| ७८५।२०८१।३।१३ | सवारी साधन मर्मत | अमन ओखेडा | ५४०३६ |

१२६ **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना**

प्राकृतिक श्रोत उत्खनन कार्ययोजना –ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्नु पर्ने, प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने, प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकीन गर्ने, गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नदीजन्य पदार्थ उत्खनन सम्बन्धी कार्ययोजना तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१२७ **कर, दस्तुर र आन्तरिक आय**

१२७.१ आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ।पालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करोड १२ लाख ७५ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ८६ लाख ७६ हजार अर्थात अनुमान भन्दा २३.०५ प्रतिशत कम आय प्राप्त गरेको छ ।

१२७.२

आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५१३६२२२०१ | ८६७५७५८.८८ | १.६९ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२७.३ **कर तथा शुल्क असुली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पतीकर | २२०००००. | ६५०२५१. | २९.५६ |
| भुमिकर/ मालपोत | १६५०००. | ८२०४०४. | ४९७.२१ |
| वहाल कर | १००००००. | ११२३१४९.७४ | ११२.३१ |
| वहाल विटौरी कर | १५५०००. | १४९००. | ९.६१ |
| सवारी साधन कर (साना सवारी) | ११०००. | ०. | ०. |
| अन्य मनोरञ्जन कर | ११००००. | ०. | ०. |
| व्यवसायले भुक्तानी गर्ने | ०.०० | ६०३५०. | ०. |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०००००. | १६९००. | १६.९ |
| अखेटोपहारमा लाग्ने कर | ११०००. | ०. | ०. |
| अन्य कर | ११३३०००. | ६२९८७६. | ५५.५९ |
| अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ५२७८००. | ०. |
| न्यायिक दस्तूर | ११०००. | ३६००. | ३२.७३ |
| शिक्षा क्षेत्रको आम्दानी | ११०००. | ९७००. | ८८.१८ |
| अन्य प्रशासनिक सेवा शुल्क | ५५००००. | ८४२०७५.७८ | १५३.१ |
| पार्किङ्ग शुल्क | ५५००. | ०. | ०. |
| नक्सापास दस्तुर | ७०००००. | ९०५९९.५६ | १२.९४ |
| सिफारिश दस्तुर | ३८५०००. | ४४६५५२. | ११५.९९ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २२००००. | १८४५००. | ८३.८६ |
| नाता प्रमाणित दस्तुर | ५५०००. | २७५००. | ५०. |
| अन्य दस्तुर | ५५०००. | १२९८९००.८ | २३६१.६४ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०००००. | २१५५०. | ७.१८ |
| विद्युत सम्बन्धी दस्तुर | ०.०० | १००.०० | ०. |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ०.०० | २०००. | ०. |
| अन्य क्षेत्रको आय | २४४७५००. | ०.०० | ०. |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ०.०० | ३२००. | ०. |
| अन्य राजस्व | ०.०० | २९८००. | ०. |
| व्यवसाय कर | १६५००००. | १७८८०५०. | १०८.३७ |
| बेरूजू | ०.०० | ८४०००. | ०. |
| जम्मा रु. | ११२७५००० | ८६७५६५८.८८ | |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरूजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नन्फाइलर<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रुभुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>बील नं.</th><th>भुक्तानी पाउने फर्मको नाम</th><th>प्यान नं</th><th>मु अ कर रकम</th><th>७०% ले हुन आउने रकम</th></tr>
<tr><td>१</td><td></td><td>३०५०९६०३८</td><td>१०९२०८।</td><td>७६४४५.६</td></tr>
<tr><td>१७</td><td>पारस हिमाल निर्माण सेवा</td><td>३०५०९६०३८</td><td>६९८३६।</td><td>४८८८५.२</td></tr>
<tr><td>१३</td><td>पारस हिमाल निर्माण सेवा</td><td>३०५०९६०३८</td><td>१७४५९०।</td><td>१२२२१३</td></tr>
<tr><td>११</td><td>पारस हिमाल निर्माण सेवा</td><td>३०५०९६०३८</td><td>१५७१३१।</td><td>१०९९१.७</td></tr>
<tr><td>०५</td><td>बम्म निर्माण सेवा</td><td>३०१०४२३२५</td><td>१९०९४४।</td><td>१३३६६०.८</td></tr>
<tr><td>११</td><td>बम्म निर्माण सेवा</td><td>३०१०४२३२५</td><td>१८२४९।</td><td>१२७७४.३</td></tr>
<tr><td>०७</td><td>बम्म निर्माण सेवा</td><td>३०१०४२३२५</td><td>२८१८३७।</td><td>१९७२८५.९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१००१७९५।</td><td>७०१२५६.२०</td></tr>
</table></td><td>701256.20</td></tr>
</table>

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : माहाकाली नगरपालिका, दार्चुला , महाकाली नगरपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नर सिह बडाल | २०८०-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोकर्ण बहादुर पाल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६३३,१६२ | १०,६७५,४९० | ४,५६३,९५०.२३ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १६,८७२,६०२.२३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,७७८,११४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ७०१,२५६.२ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १३,७९५,७४४.४३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३९०३०२१६.६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०९३७५६१८ | चालु खर्च | ४२८२२०२०२.१३ |
| प्रदेश सरकारबाट अनुदान | २७२३२७४७ | पूँजीगत खर्च | ८५४०१९९९ |
| राजश्व बाँडफाँट | ७५०७३२४८.३५ | वित्तीय/अन्य व्यवस्था | ३७१८९१३४.३७ |
| आन्तरिक आय | ८६७५७५८.८८ | | |
| अन्य आय | १०७०६८७०.८ | | |
| कुल आय | ५३१०६४२४३.०३ | कुल खर्च | ५५०८११३३५.५० |
| बाँकी मौज्दात | | १९२८३१२४.१३ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।